आज मिति २०८१ साल साउन २ गते गते बुधबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को पहिलो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | ~~कार्यपालिका सदस्य~~ | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | बाबुनन्दन मेहता | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | भद्रबहादुर राई | प्रशासन तथा अनुगमनन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

**प्रस्तावहरु**

प्रस्ताव नं १: बार्षिक समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २: आ.ब. ०८१/०८२ को लागि दररेट निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं ३: विपद व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ४: उपभोक्ता समितिलाई हेभी इक्वेपमेन्ट प्रयोग गर्न अनुमति दिने सम्बन्धमा ।

प्रस्ताव नं ५: वडा कार्यालय भवन निर्माणको लागि निशुल्क जग्गा प्राप्ती सम्बन्धमा ।

प्रस्ताव नं ६: आ.ब. ०८१/०८२ को बजेट कार्यान्वयनको लागि कार्ययोजना तयारी सम्बन्धमा ।

प्रस्ताव नं ७: स्थायी कार्यालय दर्ता र स्थायी पद दर्ता सम्बन्धमा ।

प्रस्ताव नं ८: शोक प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ९: राहत तथा उपचार खर्च सहयोग माग सम्बन्धमा ।

प्रस्ताव नं.१०: निकासी वस्तुको कर सम्बन्धमा ।

प्रस्ताव नं.११: बुधबारे सडक निर्माण योजनाको लागि बजेट बिनियोजन सम्बन्धमा ।

**निर्णयहरु**

**प्रस्ताव नं १: बार्षिक समिक्षा सम्बन्धमा ।**

**निर्णय :** आर्थिक बर्ष २०८०/०८१ को बजेट कार्यान्वयनको अवस्थाका सम्बन्धमा समिक्षा गर्दा निम्नानुसार कार्यहरु सन्तोषजनक रुपमा सम्पन्न भएको पाइयो ।

**निम्न**

**१. वित्तिय प्रगित विवरण**

**क) चालु आर्थिक वर्ष २०८०/०८१ को खर्च बिबरण**

| **किसिम/क्षेत्र** | **विनियोजति बजेट** | **खर्च भएको बजेट(%)** |
|---|---|---|
| कुल बजेट | ४३,१६,१९,०८४।५१ | ८२.२८ |
| चालु | २९,११,५१,६४२।०९ | ८९.७१ |
| पूंजीगत | १४,०४,६७,४४२।४२ | ६६.८७ |

**ख) चालु आर्थिक वर्ष २०८०/८१ को राजस्व संकलनको अवस्था**

| **संकलन गर्ने निकाय** | **संकलन गरेको रु** | **अनुमानित राजस्व रु** | **कैफियत** |
|---|---|---|---|
| गाउँपालिकाको कार्यालय | ५,१०,५४७+६०,१७७=५७०७२४ | १९,७१,२७२ | अनुमानित भन्दा २६.६८ % वढी राजस्व संकलन भएको |
| स्थलगत डोर टोली | २,३६,५४४ | | |
| वडा नं-१ | ३,७७,८४२।५० | | |
| वडा नं-२ | ४,२४,९३३।५० | | |
| वडा नं-३ | ३,९५,०३७ | | |
| वडा न-४ | २,०२,३३३।१५ | | |
| वडा नं-५ | १,३३,९५२।५० | | |
| ब्याकहुलोडरबाट | १,५६.००० | | |
| जम्मा | २४,९७,३६६।६५ | | |

२. शाखागत रुपमा सम्पादन भएका मुख्य मुख्य क्रियाकलापहरु सम्बन्धी विवरण

| शाखाको नाम | जम्मा योजना तथा कार्यक्रम संख्या | कार्यान्वयन भएको योजना तथा कार्यक्रम संख्या | कार्यान्वयन हुन नसकेका योजना तथा कार्यक्रम | प्रगति प्रतिशत | कार्यान्वयन हुन नसक्नुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रशासन तथा अनुगमन | गाउँसभा र कार्यपालिकाको वैठकको निर्णय, ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतको तंर्जुमा, अभिलेखिकरण तथा संरक्षण, कार्यालय सञ्चालन, रेखदेख, नियन्त्रण, समन्वय, सहजिकरण, अनुगमन, निरीक्षण, अभिलेख व्यवस्थापन, कर्मचारी व्यवस्थापन, विभिन्न वैठक व्यवस्थापन अनुगमन निरीक्षण लगायतको प्रशासनिक काम सम्पन्न गरेको | | | | | |
| आर्थिक प्रशासन | कुल विनियोजित वजेटको ७८.२९% खर्च भएको | | | | | |
| राजस्व | कुल अनुमानित राजस्वको २६.६८ % बढी संकलन भएको | | | | | |
| योजना | १२२ | १२१ | १ | ९९.१८ | १ वटा योजनाको कानूनी प्रक्रिया पुरा गरी योजना कार्यान्वय हुन नसकेको | |
| कार्यक्रम | ३ | ३ | ० | १०० | तोकिएको सबै योजना तथा कार्यक्रम सम्पन्न भएको | |
| सहकारी | १ | १ | ० | १०० | | |
| न्यायिक | ४ | ४ | ० | १०० | | |
| महिला बालबालिका | ५ | ५ | ० | १०० | | |
| सूचना प्रविधि | २ | २ | २ | १०० | | |
| भौतिक | १५ | १५ | १ | १०० | | |
| खानेपानी | ५ | ५ | ० | १०० | | |
| जिन्सी | ४ | ४ | ० | १०० | | |
| रोजगार | १५ | १५ | ० | १०० | | |
| अपाङ्गता रोकथाम | २४ | १७ | ७ | ७०.८४ | बजेट अपुग रहेको कारण सबै कार्यक्रम सम्पन्न हुन नसकेको | |
| कृषि | १२ | ११ | १ | ९१.६७ | रैथाने वाली कार्यक्रममा आवेदन प्राप्त नभएको कारण सम्पन्न हुन नसकेको | |
| पशु | ९ | ७ | २ | ७७.७८ | आवेदन प्राप्त नभएको कारण सम्पन्न हुन नसकेको | |
| उद्यम | ८ | ६ | २ | ७५ | बजेट अपुग/असुनिश्चत रहेको कारण सबै कार्यक्रम सम्पन्न हुन नसकेको | |
| शिक्षा युवा खेलकुद | ३३ | ५ | २८ | ८४.८५ | | |
| स्वास्थ्य | ५९ | ५३ | ६ | ८८.८३ | | |
| आयुर्वेद | ६ | ५ | १ | ८३.३३ | | |

### ३. बैठकहरु सम्बन्धी विवरण

| निकायको नाम | बैठक संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|
| गाउँसभा | २ | १० | |
| गाउँ कार्यपालिका | १५ | १२७ | |
| न्यायिक समिति | १२ | २२ | |
| भौतिक तथा पूर्वाधार विकास समिति | १२ | २५ | |
| सार्वजनिक सेवा तथा क्षमता विकास समिति | ६ | ७ | |
| सामाजिक विकास समिति | २ | ५ | |
| विधायन समिति | १२ | १७ | |
| आर्थिक विकास समिति | १२ | १७ | |
| वातावरण तथा विपद व्यवस्थापन समिति | ४ | ६ | |
| पालिकास्तरीय स्थानीय विपद व्यवस्थापन समिति | १ | २ | |
| राजस्व परामर्श समिति | ७ | ११ | |
| अन्तरपालिका बैठक | १ | ५ | साल्पासिलिछो गाउँपालिका सँग |
| निजिक्षेत्र सँगको बैठक | १ | ३ | जलविद्युत आयोजनासँग |
| निजीक्षेत्र सँगको बैठक | १ | २ | निर्माण व्यावसायीसँग |
| सामाजिक संघस्थासँगको बैठक | १ | ५ | सिलिचोङ क्लब समाज विकास केन्द्रसंग |
| सहकारीसँगको बैठक | ३ | ३ | |
| कर्मचारी बैठक | ३ | ९ | |
| उर्जा विकास उप समिति | १ | १ | |
| बार्षिक समिक्षा बैठक | १ | ५ | |

### ४. आर्थिक वर्ष २०८०/२०८१ मा तर्जुमा भएका कानूनहरु

१. योजना अनुगमन मूल्यांकन तथा फरफाराक एवम् भुक्तानी कार्यविधि, २०८०

२. सिलीचोङ गाउँपालिका स्वास्थ्य वीमा कार्यक्रम संचालन कार्यविधि, २०८०

३. सिलीचोङ गाउँपालिका बाल कल्याण कोष (स्थापना र संचालन) कार्यविधि, २०८०

४. सिलीचोङ गाउँपालिकाको नागरिक सहायता कक्ष (स्थापना र संचालन) निर्देशिका, २०८०

५. सिलीचोङ गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहको मापदण्ड, २०८०

६. सिलीचोङ गाउँपालिका दीगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना, २०८०

७. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८१

९. कन्टेन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०८१

१०. स्थानीय रोजगार रणनीतिक योजना (२०८१/८२-०८५/०८६)

५. गाउँपालिकाको असल अभ्यासहरु

१) स्थानीय जनप्रतिनिधी, शिक्षा शाखाको कर्मचारी, वडा कार्यालयको कर्मचारी सहितको संयुक्त टोलीबाट विद्यालय अनुगमन निरीक्षण

२) एस.इ.इ. दिने विद्यार्थीलाई परीक्षा केन्द्रमा खान बस्न र अध्ययन गर्न सहुलियत प्रदान

३) पालिका अन्तर्गतको स्वास्थ्य संस्थामा सुत्केरी गराउदा आउने कुरुवालाई समेत स्वास्थ्य संस्थामै निशुल्क खाने बस्ने व्यवस्था

४) विद्यालयमा कुलुङभाषा र मेवाहाङ भाषा पठनपाठन

५) नागरिक सहायत्ता कक्ष (हेल्प डेस्क) स्थापना : निशुल्क रुपमा फोटोकपी गरिदिने, फारम भरिदिने, निवेदन लेखिदिने, अनलाइन विलिङ सर्भिस समेतको सुविधा भएको ।

६) कम्तीमा दुई वर्षसम्म सेवा गरेपछि मात्र अन्तरपालिका र जिल्लान्तर सरुवा सहमति प्रदान गरिने व्यवस्था

७) योजना सम्झौता घुम्ती शिविर संचालन

८) राजस्व संकलनका लागि स्थलगत डोरटोली परिचालन

९) टोल विकास समितिलाई पालिकाको हरेक गतिविधिमा क्रियाशिल गराउन र पालिकाको क्रियाकलपालाई सहभागितामूलक बनाउन प्रोत्साहनको व्यवस्था

१०) सडक हेरालु, पुल हेरालु मार्फत निर्मित भौतिक संरचनाको नियमित हेरचाह र संरक्षण

११) सम्पन्न भएका क्रियाकलापहरुको विस्तृत प्रगति प्रतिवेदन शाखागत रुपमा वेभसाइटबाट सार्वजनिक

१२) उत्कृष्ट कर्मचारीलाई सम्मान तथा पुरस्कार

**प्रस्ताव नं २: आ.ब. ०८१/०८२ को लागि दररेट निर्धारण सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा जिल्ला प्रशासन कार्यालय संखुवासभाले आ.ब. ०८१/०८२ को लागि निर्धारण गरेको जिल्ला दररेटलाई नै आधार मानी गाउँपलिकाको दररेट कायम गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव नं ३:** विपद व्यवस्थापन सम्बन्धमा ।

**निर्णय :** प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा मिति २०८१।०४।०१ गते बिहान सिलीचोङ गाउँपालिका वडा नं. १ मा गएको पहिरो पिडितहरुलाई आवश्यक ब्यवस्थापकीय राहत सामाग्री तथा त्रिपाल तत्काल वितरण गर्ने सर्वसहमत निर्णय गरियो ।

**प्रस्ताव नं ४: उपभोक्ता समितिलाई हेभी इक्वेपमेन्ट प्रयोग गर्न अनुमति दिने सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्रका युवाहरु ठुलो संख्यामा वैदेशिक रोजगारीमा रहेको कारण गाउँपालिका भित्र श्रमिक अभाव भएको, भौगोलिक रुपमा ठुला ठुला पहाड, चट्टान, ढुंगा फुटाइ सडक खन्न ट्र्याक ओपन गर्न मानविय जनशक्तिबाट संभव नरहेको, पहाडी ग्रामिण भेगमा स-सना योजना कार्यान्वयनको लागि ठेक्का आह्वान गरी निर्माण कार्य गर्न अवस्था नरहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ को उपनियम ९ मा उल्लेख भए बमोजिम स्थलगत अनुगमन सर्भे गरी तयार गरीएको प्राविधिक लागत अनुमानको आधारमा उपभोक्ता समितिलाई हेभि इक्विपमेन्ट तथा मेशिनरी औजार प्रयोग गर्ने अनुमती दिइ चालु आर्थिक वर्ष २०८१/०८२ को योजना कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव नं ५: वडा कार्यालय भवन निर्माणको लागि निशुल्क जग्गा प्राप्ती सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा निम्न बमोजिमको जग्गाधनीबाट सिलीचोङ गाउँपालिका, ५ नं वडा कार्यालय, याफुको भवन निर्माण गर्नको लागि नि:शुल्क रुपमा जग्गा उपलब्ध हुने सम्झौता पेश भएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ५ बमोजिम स्विकृतिका लागि मालपोत कार्यालय, खाँदबारीमा आवश्यक कागजात सहित सिफारिश गरी पठाउने, जग्गा पास गर्ने कार्यको लागि यस कार्यालयको तर्फबाट भद्र बहादुर राई, ई. सुजन श्रेष्ठलाई अख्तियारी प्रदान गर्ने, नि:शुल्क जग्गा प्राप्ती गर्ने प्रकृयामा लाग्ने सम्पूर्ण खर्च बिबिध खर्च शिर्षकबाट गाउँपालिकाले व्यहोर्ने सर्वसहमतिले निर्णय गरियो।

निम्न

| क्र.सं. | जग्गाधनीको नाम ठेगाना सम्पर्क नं | कित्ता नं | नि:शुल्क प्राप्त हुने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल काठमाण्डौ बस्ने वर्ष ५८ को श्री मित्रकुमारी राई, मोबाइल नं ९८६३००८६०१ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ५८१ | कित्ता नं ५८१ बाट ०.३२ वर्ग मिटर | कि.नं. ५८१ को जम्मा क्षेत्रफल ००६४० वर्ग मिटर |
| | | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ७०५ | कित्ता नं ७०५ बाट पुरै | कि.नं. ७०५ को जम्मा क्षेत्रफल ००७१० वर्ग मिटर |
| २ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल याफु बस्ने वर्ष ३८ को श्री विन्द्रा राई, मोबाइल नं ९७४६९७२३६६ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ७०४ | कित्ता नं ७०४ बाट पुरै | कित्ता नं ७०४ को जम्मा क्षेत्रफल ००३५० वर्गमिटर |
| | | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ६८१ | कित्ता नं ६८१ बाट पुरै | कित्ता नं ६८१ को जम्मा क्षेत्रफल ०००४० वर्गमिटर |
| ३ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल मोरङ बस्ने वर्ष ६४ को श्री धनबहादुर राई, मोबाइल नं ९७६२९९३८७ | साविक याफु गा.वि.स. वडा नं ३ स्थित कित्ता नं १९३ | कित्ता नं १९३ बाट १ रोपनी | कित्ता नं १९३ को जम्मा क्षेत्रफल ००७३० वर्गमिटर |
| ४ | सिलीचोङ-५ घर भइ हाल याफु बस्ने वर्ष ७० को श्री तुलामाया रैनी, मोबाइल नं ९७४९४८६०९३ | साविक याफु गा.वि.स. वडा नं ३ स्थित कित्ता नं १९४ | कित्ता नं १९४ बाट ०.३३ रोपनी | कित्ता नं १९४ को जम्मा क्षेत्रफल २६०.०० वर्गमिटर |

**प्रस्ताव नं ६:** आ.ब. ०८१/०८२ को बजेट कार्यान्वयनको लागि कार्ययोजना तयारी सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ६ का सम्बन्धमा छलफल गर्दा भाद्र महिना भित्र सबै शाखाका कर्मचारीहरुले वार्षिक कार्य योजना बनाई सक्ने सर्वसहमत निर्णय गरियो।

**प्रस्ताव नं ७: स्थायी कार्यालय दर्ता र स्थायी पद दर्ता सम्बन्धमा।**

**निर्णय :** प्रस्ताव नं ७ का सम्बन्धमा छलफल गर्दा १५ गाउँसभाबाट स्विकृत संगठन संरचना अनुसार स्थायी कार्यालय दर्ता र स्थायी पद दर्ता गर्नको लागि स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन २०८० को दफा ७ बमोजिम प्रदेश किताबखाना कोशी प्रदेश विराटनगरमा अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव नं.८ शोक प्रस्ताव सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ८ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.१ दिलवादोभान भन्ने स्थनामा मिति २०८१ श्रावण ०१ गते मंगलबार बिहान करिव ६ बजे गएको पहिरोमा परी ५५ वर्षिय मोतीमाया राई, २७ वर्षिय समिक्षा कुलुङको घटना स्थलमा नै असामयिक निधन हुनका साथै २७ वर्षिय रबिना राई सख्त घाईते भई हाल उपचारको क्रममा रहेको हुदाँ मृतकहरु प्रति गहिरो शोक ब्यक्त गर्दै मृत आत्मको शान्तीको कामना साथ सख्त घाईते रबिना राईको शिघ्र स्वास्थ्य लाभको कामना सहित शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भनी शोक प्रस्ताव पारित गरियो ।

**प्रस्ताव नं. ९: राहत तथा उपचार खर्च सहयोग माग सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ९ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.१ स्थित दिलवादोभानमा मिति २०८१ श्रावण ०१ गते मंगलबार बिहान करिव ६ बजे गएको पहिरोमा परी ५५ वर्षिय मोतीमाया राई, २७ वर्षिय समिक्षा कुलुङको घटना स्थलमा नै असामयिक निधन भएको र मृतक परिवारको आश्रित ब्यक्तिहरुलाई राहत वापत तथा घाईते श्री रबिना राईलाई उपचार खर्च वापतको आर्थिक सहयोग रकम जिल्ला प्रशासन कार्यालय सङ्खुवासभामा माग गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.१०: निकासी वस्तुको कर सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँपालिकाको क्षेत्रबाट निकासी हुने मालवस्तुको निकासी कर तिरे नतिरेको भन्ने सम्बन्धमा पालिका भित्रका बिभिन्न टोलहरुका टोल बिकास संस्थाका समिति परिचालन गर्ने तथा बिभिन्न नाकाहरुमा चेक जाँच गरिदिन हुन सिलीचोङ गाउँपालिका क्षेत्रभित्रको प्रहरी कार्यालयहरु याफु, माङ्तेवा, ताम्कु र सिसुवाटारलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै माल वस्तु निकासी कर तिर्ने सम्बन्धी सुचना प्रवाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.११: बुधबारे सडक निर्माण योजनाको लागि बजेट बिनियोजन सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ बुधबारे स्थित सिसुवाखोला मोटरेवलपुल निर्माणका कारण सडक अबरुद्द भएको हुदाँ उक्त स्थानमा मर्मत संभार कोषबाट तत्काल बाटो निर्माणका लागि रु.१५००००। अक्षरेपी एक लाख पचास हजार रुपैया मात्र बिनियोजन गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८१।४।२

आज मिति २०८१ साल भदौ २६ गते बुधबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को दोस्रो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | मणिकुमार राई | कार्यबाहक वडाध्यक्ष | |
| १५ | बाबुनन्दन मेहता | प्रमुख प्रशासकीय अधिकृत | |
| १६ | भद्रबहादुर राई | प्रशासन तथा अनुगमनन शाखा प्रमुख | |
| ७ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| | दिपक खडका | लेखापाल | |
| | केदार राई | कार्यालय सहयोगी | |

निर्णयहरु

**प्रस्ताव नं १: समिक्षा सम्बन्धमा ।**

**निर्णय :** आर्थिक बर्ष २०८१/०८२ को पहिलो बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**प्रस्ताव नं २: सम्पन्न भइ सकेका योजना फरफाराक गर्ने सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा माङतेवा स्वास्थ्य केन्द्र भवन निर्माण योजनाको Drawing, Design, Estimate, सम्झौता अनुसार नै निर्माण कार्य काम सन्तोषजनक रुपमा सम्पन्न भएको यस कार्यालयको स्थलगत अनुगमन, निरीक्षण, नापजाँचबाट देखिन आएकोले प्राविधिक मूल्यांकन अनुसारको रकम भुक्तानी दिइ उक्त योजना फरफाराक गर्ने सर्वसहमतिले निर्णय गरियो ।

| योजनाको नाम | लागत अनुमान रु (भ्याट सहित) | सम्झौता रु (भ्याट सहित) | सम्झौता मिति | काम सम्पन्न मिति | अन्तिम प्राविधिक मूल्यांकन रु (VAT सहित) |
|---|---|---|---|---|---|
| माङतेवा स्वास्थ्य केन्द्र भवन निर्माण योजना | १,५२,९८,२९८।६० | १,३६,१२,९९१।०४ | २०७९।०३।२७ | २०८१।१०।३० | १,४४,६४,९६६.२५ |

**प्रस्ताव नं ३: स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ३ को सम्बन्धमा छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको १५औं गाउँसभाबाट स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५७(७) मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेल सम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीहरुले पाउने सेवा सुविधा यस गाउँपालिकाबाट नै भुक्तानी गर्ने प्रतिबद्धता गरियो । साथै कार्यालय दर्ता पद दर्ता प्रकृया अगाडी बढाइ दिन प्रदेश निजामती किताबखानालाई अनुरोध गर्ने सर्व सहमतिले निर्णय गरियो ।

**प्रस्ताव नं ४: प्रशासकीय भवन निर्माण योजना र सिसुवाखोला मोटरेबल पुल निर्माण योजनाको काम समय मै सम्पन्न गर्ने सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ४ माथी छलफल गर्दा प्रशासकीय भवन निर्माण योजनाको लागि आवश्यक पर्ने बजेट प्राविधिक मूल्यांकन प्रतिवेदनको आधारमा चालु आर्थिक वर्ष २०८१।०८२ भित्र नै स्थानीय पूर्वाधार विभाग (DoLi) बाट प्राप्त हुने जानकारी भएको र सिसुवाखोला मोटरेबल पुल निर्माण योजनाको बजेट सुनिश्चित नै रहेकोले सम्झौता अवधि भित्र नै निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निर्माण कम्पनीलाई लेखि पठाउने एवम् निर्माण कार्य तत्काल सुचारु गर्न ताकेता गर्ने सर्वसहमतिले निर्णय गर्यो ।

**प्रस्ताव नं ५: सामाजिक सुरक्षा भत्ता वितरणका सम्बन्धमा बैंक संग सम्झौता गर्ने सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ५ को सम्बन्धमा छलफल गर्दा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धमा यस गाउँपालिका र एभरेष्ट बैंक, ताम्कु, संखुवासभा बीच मिति २०७७।०६।१६ मा भएको सम्झौताको म्याद समाप्त भइसकेकोले वडा कार्यालयबाट नै सामाजिक सुरक्षा भत्ता वितरण हुने गरी पुनः सम्झौता गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव नं ६: लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ६ का सम्बन्धमा छलफल गर्दा चालु आ.ब. मा लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि २ नं वडालाई छनोट गर्ने तथा सिलीचोङ गाउँपालिका, २ नं वडा कार्यालयको सिफारिश बमोजिम सिलीचोङ-२ मा साझा सुविधा केन्द्र स्थापना गर्ने सर्वसमहमतिले निर्णय गरियो ।

०८१।५।२६

**प्रस्ताव नं ७ :** सिलीचोङ काठमाडौं सम्पर्क केन्द्र स्थापना सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ७ माथी छलफल गर्दा स्वास्थ्य उपचार सेवा, शिक्षण सिकाइ, रोजगारी सिर्जना, उद्यम तथा व्यपार व्यावसाय लगायतको विषयमा सिलीचोङ गाउँपालिकावासीलाई सिलीचोङ जन्मभूमि भई काठमाडौंमा वसोवास गर्ने समाजसेवी, बुद्धिजीवी वर्ग वीचको सम्बन्ध स्थापना गरी एक आपसमा सहयोग, सहकार्य, समन्वय, सहजिकरण गर्ने उद्देश्यले सिलीचोङ काठमाडौं सम्पर्क समिति गठन गर्ने तथा सिलीचोङ काठमाडौं सम्पर्क केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को मस्यौदा तयार गर्ने व्यवस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं ८:** कर्मचारी व्यवस्थापन सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गाउँपालिकाको कार्यालय र अन्तर्गतको निकायमा रिक्त रहेको देहाय बमोजिमको पदमा करार सेवामा रहने गरी कर्मचारी व्यवस्थापन गर्ने सर्वसहमतिले निर्णय गरियो।

देहाय

| पद नाम | सेवा | समुह | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| डेन्टल हाइजेनिस्ट | स्थानीय स्वास्थ्य | | सहायक पाँचौ | १ | गाउँपालिकाबाट विनियोजित बार्षिक बजेट कार्यान्वयन गर्नको लागि |
| अ.न.मी. | स्थानीय स्वास्थ्य | नर्सिङ | सहायक चौथो | १ | |
| प्राविधिक सहायक | | | सहायक पाँचौ | १ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि |
| MIS Operator | | | सहायक पाँचौ | १ | सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाइका लागि |

**प्रस्ताव नं ९ :** कार्यविधि स्वीकृत सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ९ माथी छलफल गर्दा बजार अनुगमन कार्यविधि, २०८१ र न्यायिक समितिको कार्य सञ्चालन निर्देशिका, २०८१ उपर दफावार छलफल गरी स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं १० :** विपद सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं १० माथी छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं-२ चिर्खुवामा निरन्तरको बर्षाले पहिरो गइ ५ घर परिवारमा क्षती पुगी ४ घर परिवार विस्थापित भएकोमा उक्त पहिरो नियन्त्रणका लागि गाउँपालिकामा तारजाली खरिद गर्ने बजेट विनियोजन नभएको हुँदा प्राविधिक स्टिमेट अनुसारको तारजाली उपलब्ध गराइ दिनको लागि जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं ११ :** भारतीय दुतवाससंग योजना माग सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ११ को सम्बन्धमा छलफल गर्दा निम्नानुसारको आयोजना कार्यान्वयन गर्न बजेट व्यवस्थापनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदुतावासमा प्रस्ताव पेश गर्ने सर्वसहमतिले निर्णय गरियो।

निम्न

| आयोजनाको नाम | स्थान | अनुमानित लागत रु | कैफियत |
|---|---|---|---|
| Construction of Primary 5 Bed Hospital, Tamku | Silichong : 3 | 12,00,00,000 | DPR सम्पन्न भएको<br>खोलामा पुल बनाउन पर्ने भएकोले जग्गा सुनिश्चित भइसकेको बाटो पुगिसकेको अवस्था रहेको |

**प्रस्ताव नं १२ :** MoU on Projects Aid to Nepal कार्यक्रमको लागि आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णय : प्रस्ताव नं १२ को सम्बन्धमा छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६८ मिति २०८१।०५।२० को सूचना बमोजिम MoU on Projects Aid to Nepal कार्यक्रमको लागि निम्नानुसारको आयोजना प्रस्ताव पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निम्न

**१. पूर्वाधार विकास सम्बन्धी आयोजना**

| आयोजनाको नाम | स्थान | अनुमानित लागत रु | कैफियत |
|---|---|---|---|
| Sisuwakhola RCC Motorable Bridge (Span: 40m) | Silichong RM 1&2, Bakhaltum | ६,५०,००,००० | DPR सम्पन्न भएको<br>खोलामा पुल बनाउन पर्ने भएकोले जग्गा सुनिश्चित भइसकेको बाटो पुगिसकेको अवस्था रहेको |

**२. क्षमता विकास सम्बन्धी**

तालिम, अध्ययन/अवलोकन भ्रमण

क) Local/Rural Development सम्बन्धी अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको क्षमता विकास एवम् अन्तरदेशिय अध्ययन, अवलोकन भ्रमण- २ जना

ख) न्यायिक समिति एवम् जन निर्वाचित पदाधिकारीको क्षमता विकास एवम् अध्ययन अवलोकन भ्रमण- ६ जना

ग) कर्मचारीको क्षमता विकास कार्यक्रम एवम् अध्ययन अवलोकन भ्रमण - ५ जना

सीप विकास

क) Training for civil engineers about load assessment of bridge loads and design of the foundation of the bridge.

ख) Automobile मर्मत सम्बन्धी vocational Training

ग) डकर्मी, सिकर्मी तालिम

घ) ब्युटिसियन तालिम

**३. वस्तुगत सहायता सम्बन्धी**

क) Excavators- रु १ करोड

ख) Ambulance- रु ४० लाख

ग) Tractor- रु ४० लाख

घ) x-ray machine- रु १५ लाख

आज मिति २०८१ साल असोज ३ गते बिहिबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को तेस्रो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | बाबुनन्दन मेहता | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | भद्रबहादुर राई | प्रशासन तथा अनुगमनन शाखा प्रमुख | |
| १६ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १७ | दिपक खडका | लेखापाल | |
| १८ | खेमकिरण राई | कार्यालय सहयोगी | |

## प्रस्तावहरु

**प्रस्ताव नं १:** समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं २:** "हाम्रो सिलीचोङ" त्रैमासिक बुलेटिन प्रकाशन सम्बन्धमा ।

**प्रस्ताव नं ३:** सडक सरसफाइ सम्बन्धमा ।

**प्रस्ताव नं ४:** खानेपानीको मुहान दर्ता गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ५:** योजना कार्यान्वयन सम्बन्धमा ।

**प्रस्ताव नं ६:** कार्यविधि स्वीकृति सम्बन्धमा ।

**प्रस्ताव नं ७:** कृषि तथा पशु सेवा तर्फका कर्मचारीलाई वडा वडामा परिचालन गरी किसानमैत्री सेवा प्रवाह गर्ने सम्बन्धमा ।

**प्रस्ताव**: नं ८ मर्मतसंभार कोषको बजेट विनियोजन सम्बन्धमा ।

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सम्पादन | ४ अंक | ८००० | ३२००० | उल्लेखित रकममा मुल्य अभिवृद्धि कर थप गर्नुपर्नेछ । |
| ३ | व्यवस्थापन | | १०००० | ४०००० | |
| ४ | छपाई तथा ढुवानी | | ४०००० | १६०००० | |
| जम्मा | | | | ३५२००० | |

**प्रस्ताव नं ३: सडक सरसफाइ सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ३ को सम्बन्धमा छलफल गर्दा वडा दशैं २०८१ लाई मध्यनजर गर्दै आवत जावतमा सहजताको लागि प्रत्येक वडाले वडा समितिको निर्णय बमोजिम आ आफ्नो वडाका सडक सरसफाई गरी आवागमनमा सहज बनाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ४: ठोट्नेखर्क खानेपानीको मुहान दर्ता गर्ने सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ४ माथी छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.३ स्थित ठोट्ने खर्क साईजा खानेपानी उपभोक्ता समितिले आवश्यक कागजात पुर्याई खानेपानी मुहान दर्ताको लागि यस कार्यालयमा आबेदन दिएको हुदाँ उक्त समुह सिलीचोङ गाउँपालिकाको जल श्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधी २०७७ बमोजिम दर्ता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ५: योजना कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय :** प्रस्ताव नं ५ माथी छलफल गर्दा आ.व. ०८१।०८२ मा सिलीचोङ गाउँपालिकाले विनियोजन गरेका योजनाहरु वडा समितिको निर्णय तथा सिफारिश बमोजिम खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्यन्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ६:** कार्यविधि स्वीकृति सम्बन्धमा ।

**निर्णय :** प्रस्ताव नं ६ माथी छलफल गर्दा देहाय बमोजिमको कार्यविधिहरु उपर दफावार छलफल गरी स्वीकृति गर्ने सर्वसम्मत निर्णय गरियो ।

देहाय

१. सिलीचोङ गाउँपालिकाको व्यवसाय दर्ता, नविकरण, खारेजी सम्बन्धी कार्यविधि, २०८१
२. विषयगत समिति कार्यसञ्चालन कार्यविधि, २०८१
३. राजस्व ~~परिचालन~~ (कार्यसञ्चालन) कार्यविधि, २०८१ (हस्तलिखित: परामर्श समिति)
४. उपभोक्ता समिति दर्ता कार्यविधि, २०८१

## निर्णयहरु

**प्रस्ताव नं १: समिक्षा सम्बन्धमा ।**

निर्णय : आर्थिक बर्ष २०८१/०८२ को दोश्रो बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**प्रस्ताव नं २: "हाम्रो सिलीचोङ" त्रैमासिक बुलेटिन प्रकाशन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा १५ औं गाउँसभाबाट **"हाम्रो सिलीचोङ"** त्रैमासिक बुलेटिन प्रकाशनका लागि रु चार लाख बजेट विनियोजन भएकोमा उक्त बजेट कार्यान्वयनका लागि निम्न बमोजिमको मापदण्डको आधारमा सूचना प्रकाशन, प्रशारण क्षेत्रमा क्रियाशिल फर्म मार्फत सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सोझै परामर्श सेवा लिइ बुलेटिन प्रकाशन गर्ने व्यवस्था मिलाउने सर्वसम्मतिले निर्णय गरियो ।

### निम्न

१. त्रैमासिक रुपमा १ वर्षमा जम्मा चार वटा अंक प्रकाशन गर्नुपर्नेछ ।

२. पहिलो अंक असोज मसान्त भित्र, दोस्रो अंक पुस मसान्त भित्र, तेस्रो अंक चैत मसान्त भित्र र चौथो अंक असार मसान्त भित्र प्रकाशन गरी कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. प्रकाशित बुलेटिन बितरण गरेको भरपाइ कार्यालयमा पेश गरी दर्ता अभिलेख राख्न पर्नेछ ।

४. गाउँपालिका क्षेत्रभित्रको गाउँ, वस्ती, टोल, समुदाय सार्वजनिक तथा सामाजिक संघसंस्थाको स्थलगत अनुगमन निरीक्षण भ्रमण अवलोकन गरी बुलेटिनका लागि आवश्यक विषयवस्तु संकलन गर्नु पर्नेछ ।

५. बुलेटिन प्रकाशन गर्नु भन्दा अगाडी सो को मस्यौदा गाउँपालिकाको कार्यालयमा पेश गरी गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीसंग प्रकाशनका लागि अनिवार्य स्वीकृति लिनुपर्नेछ ।

६. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले प्रकाशन प्रसारण गर्न निषेध गरेका विषयवस्तु उल्लेख गर्न पाइने छैन ।

७. प्रकाशित बुलेटिन सार्वजनिक संघ संस्था र कार्यालयको प्रतिनिधिलाई बुझाइ निज मार्फत मात्र वितरण गर्नु पर्नेछ ।

८. प्रकाशित बुलेटिनको सर्वाधिकार गाउँपालिकामा निहित रहनेछ ।

९. प्रकाशित बुलेटिने विक्री वितरण गर्न पाइने छैन ।

१०. अन्य कुराहरु कानून बमोजिम हुनेछ ।

११. गाउँपालिका वाहेक अन्य कुनै निजि वा सरकारी क्षेत्रको विज्ञापन/सूचना बुलेटिनमा समावेश गर्न पाइनेछैन । सो सम्बन्धी शुल्क पनि लिन पाइने छैन । तर सरकारी जानकारी मूलक सूचना राख्न बाधा पर्ने छैन ।

१२. बुलेटिनको लागत अनुमान देहायनुसारको रहनेछ ।

| क्र.सं. | विवरण | परिमाण | खर्च रु | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | विषयवस्तु संकलन तथा लेखन | | ३०००० | १२०००० | |

प्रस्ताव नं ७: कृषि तथा पशु सेवा तर्फका कर्मचारीलाई वडा वडामा परिचालन गरी किसानमैत्री सेवा प्रवाह गर्ने सम्बन्धमा ।

निर्णय : प्रस्ताव नं ७ माथि छलफल गर्दा कृषि तथा पशु सेवा तर्फका कर्मचारीलाई वडा वडामा परिचालन गरी किसानमैत्री सेवा प्रवाह गर्नका लागि तत्काल कार्य योजना बनाई कार्यन्वयन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**प्रस्ताव: नं ८ कोल्वा बुधबारे सडक मर्मत सम्बन्धमा ।**

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.-३ कोल्वा स्थित ताम्कु बुधबारे सडक खण्डमा पहिरो गई यातायात सेवा अबरुद्ध भएको हुदाँ उक्त कोल्वा बुधबारे सडक मर्मत योजनामा मर्मत संभार कोष शिर्षकबाट प्राबिधिक स्टिमेट बमोजिम रु.१,४३,६२०.२४ बिनियोजन गर्ने तथा वडा नं -२ स्थित चिर्खुवा पहिरो नियन्त्रणका लागि बमोजिम रु १,५०,००० मर्मत संभार कोष शिर्षकबाट विनियोजन गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्बसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

आज मिति २०८१ साल असोज १६ गते बुधबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को चौथो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | बाबुनन्दन मेहता | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | भद्रबहादुर राई | प्रशासन तथा अनुगमनन शाखा प्रमुख | |
| १६ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १७ | दिपक खडका | लेखापाल | |
| १८ | केदार राई | कार्यालय सहयोगी | |

निर्णय प्रमाणित

## प्रस्तावहरु

प्रस्ताव नं १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २: चाँडपर्व खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ३: पशु सेवा सञ्चालन कार्यविधि २०८१ स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं ४: सिसुवाखोला मोटरेबलपुलको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं ५: वडा नं ५ क्षेत्रभित्रका योजना कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं ६: माङ्तेवा स्वास्थ्यचौकीको नवनिर्मित भवनबाट सेवा सुचारु गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ७: गाउँपालिका तर्फको करार शिक्षकको तलबभत्ता भुक्तानी तथा करार सेवामा कार्यरत कर्मचारीलाई सञ्चयकोष वापतको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ८: बिद्यालय तथा स्वास्थ्य संस्थाको लेखा परिक्षण सम्बन्धमा ।

प्रस्ताव नं ९: बेरुजु सम्परीक्षण सम्बन्धमा ।

निर्णय प्रमाणित

**प्रस्ताव नं १: समिक्षा सम्बन्धमा ।**

**निर्णय :** आर्थिक बर्ष २०८१/०८२ को तेश्रो बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**प्रस्ताव नं २:** चाँडपर्व खर्च भुक्तानी सम्बन्धमा ।

**निर्णय :** प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँसभाबाट विनियोजित पदाधिकारी सेवासुविधा शिर्षकको वजेटबाट गाउँसभाका सबै पदाधिकारीहरुलाई चाँडपर्व खर्च वापत प्रति पदाधिकारी रु दशहजारका दरले चाँडपर्व खर्च भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो ।

**प्रस्ताव नं ३:** पशु सेवा सञ्चालन कार्यविधि, २०८१ स्वीकृति सम्बन्धमा ।

**निर्णय :** प्रस्ताव नं **३** को सम्बन्धमा पशु सेवा सञ्चालन कार्यविधिको मस्यौदा उपर दफावार छलफल गर्दा संशोधन गर्न पर्ने नदेखिएकोले पशु सेवा सञ्चालन कार्यविधि, २०८१ सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४:** सिसुवाखोला मोटरेबलपुलको म्याद थप सम्बन्धमा ।

**निर्णय :** प्रस्ताव नं ४ माथी छलफल गर्दा देहाय अनुसार कार्यान्वयनमा रहेको सिसुवाखोला मोटरेबल पुल निर्माण योजनाको म्याद मिति २०८१।०७।११ समाप्त हुने भएकोमा वडा नं १ र वडा नं २ कार्यालयको सिफारिश, भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखाको राय प्रतिक्रिया तथा सम्बन्धित निर्माण व्यावसायीको च.नं. ०६ मिति २०८१।०६।०९ को पत्र साथ पेश गरेको कागजात/फोटोग्राफ अनुसार **बाह्रैमास फेरी नचलेको कारण निर्माण सामाग्री ढुवानीमा कठिनाइ भएको, निरन्तरको वर्षाको कारण खोलामा बाढी आइ निर्माण कार्य गर्न पटक पटक अवरोध सिर्जना भएको, खोलाको उत्तर तर्फको जग खन्दा निस्केको ढुङ्गा फुटाउन लामो समय लागेको समेतको कारण तोकिएको म्याद भित्र कार्यतालिका बमोजिम सम्झौता अनुसारको निर्माण कार्य गर्न नसकिएको** भनी खुल्न आएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१२१) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ती नलिइ सोही नियमावलीको नियम (१२०) बमोजिम निर्माण कम्पनीको माग बमोजिम थप आर्थिक दायित्व सिर्जना नहुने गरी मिति २०८२ असार मसान्त सम्म म्याद थप गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहाय

| योजनाको नाम | निर्माण व्यावसायीको नाम | लागत अनुमान रु (VAT सहित) | सम्झौता रु (VAT सहित) | सम्झौता मिति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| सिसुवाखोला मोटरेबलपुल निर्माण योजना | अमर कुङ्शालिङ जेभि | ६,३७,०७,३७५।९५ | ४,६५,२७,०२९।९४ | २०७९।०१।११ | ५१.२९% |

निर्णय प्रमाणित

**प्रस्ताव नं ५:** वडा नं ५ क्षेत्रभित्रका योजना कार्यान्वयन सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ५ माथी छलफल गर्दा वडा नं ५ क्षेत्रभित्रका योजना निम्नानुसार कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो।

निम्न

| योजनाको नाम | विनियोजित बजेट | कार्यपालिकाको निर्णय |
|---|---|---|
| बाफु आधारभूत स्वास्थ्य सेवा केन्द्रको ट्रस्ट भवन सुदृढीकरण | २५,००,००० | आर.सि.सि. ढलान समेत गर्ने गरी बजेट कार्यान्वयन गर्ने |

**प्रस्ताव नं ६:** माङ्तेवा स्वास्थ्यचौकीको नवनिर्मित भवनबाट सेवा सुचारु गर्ने सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ६ माथी छलफल गर्दा विधिवत ढङ्गले उदघाटन समारोह आयोजना गरी माङ्तेवा स्वास्थ्य चौकीको नवनिर्मित भवनबाट सेवा सुचारु गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं ७:** गाउँपालिका तर्फको करार शिक्षकको तलबभत्ता भुक्तानी तथा करार सेवामा कार्यरत कर्मचारीलाई सञ्चयकोष वापतको रकम भुक्तानी सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ७ माथी छलफल गर्दा गाउँसभाबाट गाउँपालिका तर्फको करार शिक्षकको तलबभत्ता भुक्तानी तथा करार सेवामा कार्यरत कर्मचारीलाई सञ्चयकोष वापतको रकम भुक्तानीका लागि बजेट विनियोजन भइसकेको हुँदा उक्त दायित्वका सम्बन्धमा सम्बन्धित कर्मचारी र शिक्षक नै जिम्मेवार हुने गरी अगामी गाउँसभाबाट सो सम्बन्धमा थप निर्णय नभएसम्मको लागि साविक झै गाउँपालिका तर्फको **करार शिक्षकको तलबभत्ता शिक्षण सिकाइ अनुदान करार शिक्षक तथा कर्मचारी तलब शिर्षकबाट** भुक्तानी गर्न तथा करार सेवामा कार्यरत कर्मचारीलाई सञ्चयकोष वापतको रकम **करार सेवा शुल्क शिर्षकबाट** भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं ८:** बिद्यालय तथा स्वास्थ्य संस्थाको लेखा परिक्षण सम्बन्धमा।

**निर्णय :** प्रस्ताव नं ८ माथी छलफल गर्दा देहाय बमोजिमको दररेट तोकी बिद्यालय तथा स्वास्थ्य संस्थाको लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो।

देहाय

कक्षा (१-१२) : रु २२०००, कक्षा (१-१०) : रु १८०००, कक्षा (१-८) : रु ११०००, कक्षा (१-५) : ७०००, कक्षा (१-३) : ५०००, प्राथमिक स्वास्थ्य केन्द्र : रु ७०००, अन्य स्वास्थ्य संस्था : रु ५०००

निर्णय प्रमाणित

प्रस्ताव नं ९: बेरुजु सम्परीक्षण सम्बन्धमा ।

निर्णय : प्रस्ताव नं ९ को सम्बन्धमा महालेखापरीक्षकको कार्यालय कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय काठमाडौंको मिति २०८१।०६।१४ को पत्र साथ प्राप्त भएको आ.ब. ०८०।०८१ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपर दफाबार छलफल गर्दा देहाय बमोजिमको वुंदा सम्परीक्षण गरिदिन सम्मानित महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने सर्वहमतिले निर्णय गरियो ।

देहाय

| बेरुजु दफा नं | बेरुजुको संक्षिप्त व्यहोरा | सम्परीक्षण गर्नुपर्ने आधार, कारण पुष्ट्याई र कार्यपालिकाको निर्णय | सम्परीक्षण गर्नुपर्ने बेरुजु रु |
|---|---|---|---|
| ४१ | ५ वटै वडामा वडागत रुपमा खेलकुद कार्यक्रम सञ्चालन गर्दा खरिद गरिएका जिन्सी सामाग्रीहरु दाखिला नभएको | खेलकुद कार्यक्रमको लागि खरिद गरिएको सामाग्री कार्यक्रमै खर्च भएको र वितरण गरिएकोले जिन्सी दाखिला प्रतिवेदन सम्बन्धित वडाबाट पेश नभएको भन्ने जवाफ प्राप्त भएकोले अगामी दिनमा यस तर्फ गाउँपालिकाले सचेतता अपनाउने गरी उक्त वेरुजु सम्परीक्षण गरिदिन हुन । | १,१५,०७५ |
| ४२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा उल्लेख भए बाहेकको पदमा करारमा कर्मचारी नियुक्ति गरी भुक्तानी दिएको तलब भत्ता अनियमित भएको | यस कार्यालयको निम्न बमोजिमको पत्रबाट प्रदेश लोक सेवा आयोगमा स्थायी पदपूर्तीका लागि पत्राचार भएकोमा हालसम्म पनि पदपूर्ति हुन नसकी करार सेवाबाट सेवा लिन परेको र स्थायी पदपूर्ति हुन साथ कार्यरत कर्मचारी सेवाबाट अलग हुने हुँदा उक्त वेरुजु सम्परीक्षण गरिदन हुन ।<br>निम्न<br>च.नं. १२९५ मिति २०७७।१२।२७<br>च.नं. ३०४४ मिति २०७९।०२।०४<br>च.नं. ४२३ मिति २०७९।०८।०६<br>च.नं. १८०० मिति २०८१।०३।१८ | १८,८१,४८४ |
| ४४ | सञ्चयकोष थप सम्बन्धी कार्यविधि नबनाई फरक कार्यविधि करार कर्मचारी कल्याणकोष सम्बन्धी कार्यविधि, २०७६ को आधारमा खर्च लेखेको रकम अनियमित भएको | हालसम्म यस गाउँपालिकाबाट मिति २०७६ असार ३० गते स्वीकृत भएको तथा ५ औं गाउँसभाबाट अनुमोदन भएको कर्मचारी कल्याणकोष सम्बन्धी कार्यविधि, २०७६ को दफा ४(घ) बमोजिम उक्त सुविधा उपलब्ध गराउदै आएको हुँदा उक्त वेरुजु सम्परीक्षण गरिदिन हुन । साथै अगामी गाउँसभामा सञ्चयकोष थप सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी निर्णयका लागि पेश गरिने व्यहोरा समेत अनुरोध छ । | ४,७१,७४४ |
| ४७ | नेपाल सरकारबाट नविकरणीय उर्जा प्रविधिको शिर्षकमा प्राप्त बजेटबाट पालिकाले सिसुवाखोला लघुजलविद्युत कार्यसमूह मार्फत स्वीकृत कार्यक्रम विपरीत वडा नं २ वालामा लिफ्टिङ सिंचाई योजना संचालन गरी खर्च लेखेको नियमसम्मत नभएको | सिंचाइ र विद्युत उत्पादन दुवै क्षेत्रमा लाभ हुने गरी उल्लेखित योजना सिसुवाखोला लघु जलविद्युत उपभोक्ता समिति मार्फत नै कार्यान्वयन गरिएको र कार्यान्वयन पश्चात उक्त योजनाबाट लघु जलविद्युतमा समेत प्रत्यक्ष लाभ पुगी रहेकोले उक्त बेरुजु सम्परीक्षण गरिदिन हुन ।<br>अगामी दिनमा यस तर्फ गाउँपालिकाले सचेतता अपनाउने प्रतिबद्धता व्यक्त गर्दछौं । | ४,००,००० |
| ७२ | तलबभत्ता फरक खर्च शिर्षकबाट भुक्तानी अनियमित भएको | सम्बन्धित शिर्षकमा बजेट अपुग भइ यस कार्यालयको पत्रबाट बजेट माग गर्दा समेत प्राप्त नभएकोले फरक शिर्षकबाट भुक्तानी भएकोले उक्त बेरुजु सम्परीक्षण गरिदिन हुन ।<br>अगामी दिनमा यस तर्फ गाउँपालिकाले सचेतता अपनाउने प्रतिबद्धता व्यक्त गर्दछौं । | १,१९,००० |

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| ७५ | कक्षा ८ परीक्षा सञ्चालन : निर्देशिका भन्दा बढी खर्च लेखेको रकम अनियमित भएको | परीक्षा सञ्चालन तथा व्यवस्थापन वैठक, प्रश्नपत्र निर्माण, परीक्षा अनुगमन, सदरमुकामबाट प्रश्नपत्र र उत्तरपुस्तिका ढुवानी, उत्तरपुस्तिका परीक्षण, आधारभूत तह कक्षा ८ तह उतिर्ण उत्कृष्ट छात्रछात्रा पहिचान कार्यक्रम लगायतमा बाँकी रकम खर्च भएको भनी शिक्षा युवा तथा खेलकुद शाखाबाट जवाफ प्राप्त भएकोले अगामी दिनमा यस तर्फ गाउँपालिकाले सचेतता अपनाउने गरी उक्त वेरुजु सम्परीक्षण गरिदिन हुन । | १,३०,९४१ |
| ७६ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्यांकन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण शिर्षकबाट विभिन्न ६ विद्यालयहरुलाई विद्यार्थीहरुलाई सुरक्षित अवतरणका साथ परीक्षामा सहभागिता गराउन प्रोत्साहन रकम जनाई खर्च लेखेको रकम सम्बन्धिथ विद्यालयबाट असुल गर्नुपर्ने | यस गाउँपालिका क्षेत्रभित्रका विद्यालयको शैक्षिक अवस्था दिन प्रतिदिन खस्किदै एसइइ परीक्षामा अनुपस्थिती हुने दरलाई कम गर्न गाउँ शिक्षा समितिको मिति २०८०।११।१० को निर्णयानुसार उल्लेखित प्रोत्साहन रकम परीक्षाकेन्द्रमा अहोरात्र खट्ने शिक्षकलाई भत्ता र विद्यार्थीलाई खाना खाजा खर्च उपलब्ध गराई अनुशासित वातावरणमा परीक्षाकेन्द्रमा हुने शिक्षण सिकाइमा सहयोग पुर्याएकोले खर्च भएको र उक्त कार्यबाट आर्थिक अभावमा एस.इ.इ. दिन छोड्ने विद्यार्थीमा कमी आएकोले अगामी दिनमा यस तर्फ गाउँपालिकाले सचेतता अपनाउने गरी उक्त वेरुजु शिक्षक, विद्यार्थीबाट असुल नहुने गरी सम्परीक्षण गरिदिन हुन । | १,७४,००० |
| ८९ | कर्मचारीको पारिश्रमिक, तलबभत्ता, एम्बुलेन्स मर्मत, ब्याकहुलोडर मर्मत, बैठक भत्ता पालोपहरा खर्च लगायतको लागि फरक शिर्षकबाट खर्च लेखेको अनियमित भएको | कर्मचारीको पारिश्रमिक, तलबभत्ता, एम्बुलेन्स मर्मत, ब्याकहुलोडर मर्मत, बैठक भत्ता पालोपहरा खर्च लगायत अति आवश्यक कार्यको लागि सम्बन्धित बजेट अपुग भइ फरक शिर्षकबाट खर्च लेखिएको अगामी दिनमा यस तर्फ गाउँपालिकाले सचेतता अपनाउने गरी उक्त वेरुजु सम्परीक्षण गरिदिन हुन । | १४,६५,३३५ |
| ९० | स्वीकृत दरबन्दी भन्दा बाहेक १८ जना करार शिक्षकलाई राजस्व वाँडफाटबाट तलबभत्ता भुक्तानी अनियमित भएको | कक्षा १-८ संचालित विद्यालयमा कक्षा ६-८ पढाउने ४ जना निम्न माध्यमिक तहको शिक्षकको दरबन्दी हुनुपर्नेमा १/१ जना मात्र शिक्षकको दरबन्दी भएको, कम्प्युटर सम्बन्धी ज्ञान भएका शिक्षकको अभाव रहेको, स्थानीय भाषामा पठनपाठन गराउन सक्ने शिक्षकको दरबन्दी नरहेको कारण सातौं गाउँसभाको मिति २०७७।०३।१० को निर्णयानुसार कम्प्युटर शिक्षक-६, आ.वि. शिक्षक (१-८)-१२ र आ.बि. शिक्षक (१-५)-२ गरी जम्मा २० जना करार शिक्षक भर्ना गरी हाल १८ जनालाई कामकाजमा लगाइरहेको र उक्त कार्यबाट कक्षाकोठमा शिक्षक अपुग हुने अवस्थामा कमी आएको कम्पयुटर र स्थानीय भाषामा अध्ययन अध्यापन गर्न सहज भएको भन्ने जवाफ शिक्षा युवा तथा खेलकुद शाखाबाट प्राप्त भएको हुँदा उल्लेखित वेरुजु सम्परीक्षण गरिदिन हुन। | ८२,५९,२४० |
| ९१ | सवारीसाधन प्रयोग गर्ने र मासिक यातायात खर्च भुक्तानी लिने पदाधिकारीबाट यातायात खर्च असुल उपर हुनुपर्ने | वडाध्यक्षज्यूको नाममा रहेको सवारीसाधन वडा कार्यालयको सचिव, कृषि प्राविधिक, पशु प्राविधिक, अ.स.ई./स.ई लगायतले समेत प्रयोग गर्ने गरेको तथा वडा कार्यालयको सिफारिशको आधारमा हाल कार्यालयको अभिलेखबाट वडाध्यक्षज्यूहरुको नाम हटाइ सम्बन्धित कर्मचारीको नाममा उक्त सवारीसाधानको अभिलेख जनाइ सकेको हुँदा उल्लेखित बेरुजु वडाध्यक्षज्यूहरुबाट असुल उपर नहुने गरी सम्परीक्षण गरिदिन हुन । | २,४०,००० |
| | | सम्परीक्षण हुनुपर्ने जम्मा वेरुजु रु | १,३२,५६,८११ |

निर्णय प्रमाणित

आज मिति २०८१ साल कार्तिक २१ गते बुधबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को पाचौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | नि.प्रमुख प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

निर्णय प्रमाणित

## प्रस्तावहरु

**प्रस्ताव नं १:** समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं २:** योजना कार्यन्वय सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को चौथो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व. ०८१।०८२ मा स्वीकृत योजना तथा कार्यक्रमहरु तत्काल कार्ययोजना निर्माण गरी कार्यन्वयन गर्ने तथा चालु आ.व. को निर्धारित समयमै सम्पन्न गर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

लक्ष्मी

आज मिति २०८१ साल मंसिर ०६ गते बिहीबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को ~~मखौं~~ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | नि.प्रमुख प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

<u>प्रस्तावहरु</u>

**प्रस्ताव नं १:** समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं २:** पर्यटन बिकास परियोजना कार्यन्वयन समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं ३:** सडक बोर्ड नेपालको २०८१।०८२ को बजेट कार्यन्वयन सम्बन्धमा ।

**प्रस्ताव नं ४:** वहु वर्षे योजना कार्यन्वय सम्बन्धमा ।

**प्रस्ताव नं ५:** विपदजन्य तथा आगालागि जन्य घटना सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ६: माङ्तेवा स्वास्थ्य चौकी उद्घघाटन सम्बन्धमा ।

## निर्णयहरु

**प्रस्ताव नं १: समिक्षा सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को चौथो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २: पर्यटन बिकास परियोजना कार्यन्वयन समिति गठन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. २ माथि छलफल गर्दा पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश बिराटनगरको प.सं. ४५८ पत्र मिति २०८१।०७।०५ को परियोजना कार्यन्वयन समिति गठन गर्ने बारे पत्र बमोजिम नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय संझौता अनुसार यस पालिकामा निर्माण, पुनर्स्थापना र प्रर्धन हुने पद मार्गका लागि स्थानीय परियोजना कार्यन्वयन समिति तपशिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १.श्री भुपाल राज राई | अध्यक्ष |
| २.श्री भद्र बहादुर राई | सदस्य |
| ३.श्री दिपक खड्का | सदस्य |
| ४.श्री गणेश राई | सदस्य |
| ५.श्री मोहन शम्शेर राई | सदस्य |
| ६.श्री प्रताप सिंह तामाङ | सदस्य |
| ७.श्री देबेन्द्र राई | सदस्य |
| ८.श्री ईश्वर राई | सदस्य |
| ९.श्री सुजन श्रेष्ठ | सदस्य |
| १०.श्री प्रविन राई | सदस्य सचिव |
| ११.श्री ............... | (प्राबिधिक सहयोग तर्फका प्रतिनिधी) |

**प्रस्ताव नं ३: सडक बोर्ड नेपालको २०८१।०८२ को बजेट कार्यन्वयन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्ड नेपालबाट यस आ.व. को लागि समपुरक कोषबाट योजना सञ्चालन गर्ने गरी जम्मा रकम रु. १२०००००।— प्राप्त भएको हुदाँ उक्त रकमबाट सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम ९ बमोजिम गाउँपालिकाले २० प्रतिशत हुन आउने रकम रु.३०००००।— सरकारी तथा गैरसरकारी संघ संस्था संग साझेदारीकोषबाट बिनियोजन गरी गाउँपालिकाको केन्द्र देखि जिल्ला सदरमुकाम जोड्ने

सडक खण्ड अन्तर्गत सिम्लादाक, गाउँपालिका भवन आसपास, छेर्छेरे , ५ नं वडा हुदै सदरमुकाम जोड्ने सकमा योजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ४: वहु वर्षे योजना कार्यन्वय सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको बिभिन्न वडाहरु भित्र बिगत आ.व.हरुबाट वहुवर्षिय रुपमा सञ्चालन भई रहेको योजना आयोजनाहरु समयमा सम्पन्न गर्न पालिकाका सबै जना जनप्रतिनिधीहरुले तदारुकताका कामका लगाउने, अनुगमन तथा रेखदेख गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ५: विपदजन्य तथा आगालागि जन्य घटना सहयोग सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ३ लकुवा निवासी ना.प्र.नं. २०५६ भएका श्री राम माया राईको माटो, ढुंगा,काठ तथा टीनले छाएको ३ तले कच्ची घर मिति २०८१।०७।१७ गते अचानक आगालागी भई घर पुर्ण रुपमा क्षती भएको हुदाँ आगालागी विपदजन्य प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधी २०७८ बमोजिम उक्त आगालागी भएको घर पुनर्निर्माणका लागि जिल्ला विपद ब्यवस्थापन समिति सङ्खुवासभामा अनुरोध गर्ने सर्व सम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ६: माङ्तेवा स्वास्थ्य चौकी उद्घघाटन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ४ माङ्तेवा स्थित नवनिर्मित माङ्तेवा स्वास्थ्य चौकी भवन तत्काल उद्घघाटन गर्ने, उक्त उद्घघाटन कार्यक्रममा वहालवाला जनप्रतिनिधी ज्युहरु, पुर्वजनप्रतिनिधी ज्युहरु, वडा स्थित कृयाशिल राजनैतिक दलका प्रतिनिधी ज्युहरु, बुद्दिजिवी तथा वडा स्थित महिला स्वास्थ्य स्वयं सेविका ज्युहरुलाई आमन्त्रण गर्ने र उक्त कार्यक्रममा चियापानका लागि बिबिध खर्च शिर्षकबाट रु.४००००। बिनियोजन गरी खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

आज मिति २०८१ साल मंसिर २४ गते मंगलबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को सातौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | प्रमुख प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

## प्रस्तावहरु

१.समिक्षा सम्बन्धमा ।

२.योजना सञ्चालन तथा कार्यन्वय सम्बन्धमा ।

३.गत आ.व. को रकम भुक्तान सम्बन्धमा ।

४.आवधिक योजना तथा मध्यमकालिन खर्च निर्माण सम्बन्धमा ।

५.UWS आयोजना संग सहकार्य सम्बन्धमा ।

६.प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि बेरोजगार युवा छनौट सम्बन्धमा ।

७.तालिम छनौट सम्बन्धमा ।

८.सल्लेरी सडक मर्मत संभार सम्बन्धमा ।

९.विपदजन्य तथा आगालागि जन्य घटनाको सिफारिश सम्बन्धमा ।

१०. सडक सरसफाईको लागि बजेट बिनियोजन सम्बन्धमा ।

११.सीत लहर प्रभावित ब्यक्तिहरुको नामावली संकलन सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को छैटौ कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाले आ.व. ०८१।०८२ मा विनियोजन गरेको बजेटबाट प्रभावकारी योजना कार्यन्वय गर्नका लागि तत्काल वडा कार्यलय तथा गाउँपालिकाको कार्यालयबाट पहल गरी योजना सञ्चालन गरी समयमै गुणस्तरीय योजना सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व.०८०।०८१ मा बिनियोजन गरिएको तपशिल बमोजिमको कार्यक्रमहरु बिषयगत शाखाहरुले सम्पन्न गरेता पनि श्रोत अभावका कारण यस आ.व. मा दायित्व सरि आएको हुदाँ गत आ.व.को दायित्व भुक्तान शिर्षकबाट भुक्तान गर्ने सर्वसम्मत निर्णय गरियो ।

### तपशिल

| क्र स | कार्यक्रम शिर्षक | बिनियोजन गर्नु पर्ने रकम, अपुग रकम |
|---|---|---|
| १ | मेशनरी तथा औजार मर्मत तथा संचालन खर्च | ९६४४५ |

| | | |
|---|---|---|
| २ | स्वास्थ्य संस्थामा हरियो कपडा, फलाटीन कपडा तथा औजार उपकरण थान खरिद | ९८१४० |
| ३ | बिबिध (१०kva स्टेपलाईजर खरिद) | ९९९९८ |
| ४ | सवारी साधन मर्मत | १४८२०० |
| ५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | ९६५० |
| ६ | अंग्रेजी माध्यम पाठ्यपुस्तक खरिद | २९९८५ |
| **जम्मा रकम रु.** | | ४८१६१८ |

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस चालु आ.व. ०८१।०८२ मा आवधिक योजना तथा मध्यमकालिन खर्च निर्माणका लागि रु.१४०००००। (अक्षरेपी चौध लाख रुपैया मात्र) र गाउँपालिका पार्श्व चित्र निर्माणमा रु.५०००००। (अक्षरेपी पाँच लाख रुपैया मात्र) बिनियोजन भएको हुदाँ उक्त आवधिक योजना तथा मध्यम कालिन खर्च निर्माण र गाउँपालिका पार्श्व चित्र निर्माण कार्यक्रम सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम संस्था छनौट गरी कार्यन्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा शैक्षिक क्षेत्रमा सेवा क्षेत्र बनाएका श्री UWS संस्था संग शैक्षिक क्षेत्रको भौतिक पुर्वाधार निर्माण योजना, शैक्षिक सुधारका कार्यक्रमहरुमा सहकार्य गर्ने तथा सहकार्य गर्दा गाउँपालिका र UWS को पुर्व समझदारी तथा लगानीको पुर्व शर्तमा सहकार्य गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस चालु आ.व. ०८१।०८२ मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि वडा नं. १ लाई ९ जना, वडा नं.२ लाई ६ जना र अन्य वडालाई ५ जनाको दरले सुचिकृत बेरोजगार युवाहरुलाई १०० दिन रोजागरका लागि वडा कार्यालयले छनौट गरी सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सिफारिश गर्ने सर्व सम्मत निर्णय गरियो।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा युवा रुपन्तरण पहल आयोजना कार्यक्रम अन्तर्गत १८ देखि ४० वर्ष सम्मका युवाहरुलाई ईलेक्ट्रिसियन, प्लम्बर, सिकर्मी, डकर्मी तथा सडक मर्मत संभार कार्य सम्बन्धी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विश्व बैंकको आर्थिक सहयोगमा ४० जना सुचिकृत बेरोजगार युवाहरु लाई ५० दिने तालिम प्रदान गर्नु पर्ने भएको हुदाँ उक्त उल्लेखित तालिम शिर्षक मध्ये प्लम्बर र डकर्मी तालिम यस गाउँपालिकाले सञ्चालन गर्ने, तालिम सञ्चालनका लागि तालिम प्रदायक फर्म सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावी अनुसार छनौट

निर्णय प्रमाणित

गर्ने र प्रत्येक वडाबाट तालिममा सहभागीका लागि ८ जनाका दरले सुचिकृत बेरोजगार युवाहरु वडाबाट सिफारिश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सङ्खुवादोभान सल्लेरी सडक खण्डमा सडकको सोलिङ ठाउँ ठाउँमा भत्किएकोले सवारी साधन आवत जावतमा अति समस्या देखिएको हुदाँ उक्त स्थानमा मर्मत संभार कोषबाट रु.१०००००।(एक लाख रुपैया मात्र) बिनियोजन गरी सडक मर्मत संभार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ३ लकुवा निवासी ना.प्र.नं. २०५६ भएका श्री राम माया राईको माटो, ढुंगा,काठ तथा टीनले छाएको ३ तले कच्ची घर मिति २०८१।०७।१७ गते अचानक आगालागी भई घर पुर्ण रुपमा क्षती भएको हुदाँ आगालागी विपदजन्य प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधी २०७८ बमोजिम उक्त आगालागी भएको घर पुनर्निर्माणका लागि जिल्ला विपद ब्यवस्थापन समिति सङ्खुवासभामा सिफारिश गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा बेसिन्दा पहिरो पिडितहरुको घर निर्माणमा आवश्यक सामाग्री ढुवानी सहजताको लागि डाँडागाउँ चित्रे सडक खण्ड सरसफाईको लागि रु.२५००००। (अक्षरेपी दुई लाख पचास हजार रुपैया मात्र) बिपद ब्यवस्थापन शिर्षकबाट भुक्तान हुने गरी बिनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र अत्यधिक चिसो वढ्ने र चिसोका कारण बिपन्न नागरिकहरुलाई स्वास्थ्यमा समेत नकरात्मक असर हुने हुदाँ वडा भित्र रहेका बृद्ध, विपन्न परिवारको लगत वडा कार्यालयहरुबाट संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।

लक्ष्मी

आज मिति २०८१ साल पौष २२ गते मंगलबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को आठौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | प्रमुख प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

## प्रस्तावहरु

१.समिक्षा सम्बन्धमा ।

२.योजना सञ्चालन सम्बन्धमा ।

३.डिजिटल विपद नक्साङ्कन सम्बन्धमा ।

४.जेष्ठ नागरिक सम्मान सम्बन्धमा ।

५.योजना माग सम्बन्धमा ।

६.गाउँसभा सञ्चालन मिति तय सम्बन्धमा ।

७.किसान सुचिकरण सम्बन्धमा ।

८.सार्वजनिक सुनुवाई सम्बन्धमा ।

९.स्थानीय तहको संस्थागत क्षमता मुल्यांकन नतिजा प्रकाशन सम्बन्धमा ।

१०.आर्थिक सहयोग सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को सातौ कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनबाट आ.व. ०८१/०८२ को लागि विनियोजन गरिएका योजनाहरु कार्यन्वयन गर्न धेरै बाँकी रहेको हुदाँ वडा तथा पालिकाबाट कार्यन्वयन हुने योजनाहरु तत्काल कार्यन्वयनको प्रकृयामा लगि समयमा नै गुणस्तरीय योजना सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशले कोशी प्रदेश भरीका पालिकाहरुको विपद व्यवस्थापन सहजीकरणको लागि कोशी प्रदेश स्तरीय डिजिटल विपद नक्साङ्कन कार्यक्रम सञ्चालन गरेको र उक्त डिजिटल विपद नक्साङ्कन कार्यक्रममा सिलीचोङ गाउँपालिकाले पनि डिजिटल विपद नक्साङ्कन तयार पार्नु पर्ने भएको हुदाँ सिलीचोङ गाउँपालिका डिजिटल विपद नक्साङ्कनको लागि प्रत्येक वडामा खटिएका ईन्जिनियरिङ प्राबिधिकहरु र वडा सचिवहरुलाई गाउँपालिकामा १ दिने विपद नक्साङ्क तालिम प्रदान गरी वडा तथा पालिकाले तोकेको स्थानमा गई जि. पि. एस. सिष्टमबाट Kobo Colect Apps मार्फत सिलीचोङ गाउँपालिकाको डिजीटल विपद नक्साङ्कन पौष महिना भित्र तयार पारी सक्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनबाट लैंगिक समानता तथा सामाजिक बिकास कार्यक्रममा जेष्ठ नागरिक सम्मान कार्यक्रम राखेको हुदाँ उक्त कार्यक्रम मार्फत जेष्ठनागरिकहरुलाई तातो पानी ब्यवस्था गर्न ७५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई थर्मस वितरण गरी सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाकालाई तपशिल बमोजिमका आयोजना/योजनाहरु तथा कार्यक्रमहरु आवश्यक परेको हुदाँ संघीय सरकार तथा कोशी प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरु, बिभागहरु तथा कार्यालयहरुमा योजना माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

१.तोम्बे मोटरेवल पुल निर्माण आयोजना सिलीचोङ–५

२.वडा कार्यालय भवन निर्माण आयोजना सिलीचोङ–५

३.धापखर्क देउराली लिफ्टीङ बृहत खानेपानी निर्माण आयोजना सिलीचोङ–५,३, ४

४.खेन्पालुङ गुफा संरक्षण सिलीचोङ–५

५.याफु वडा कार्यालय देखि भन्ज्याङ गुफा डाँडा चौरे कालपोखरी दिक्लिङ खर्क सम्म जाने पर्याटकीय पद मार्ग निर्माण आयोजना।

६.पुखुवा देखि वडा कार्यालय हुदै गाउँपालिका जोड्ने सडक निर्माण योजना, सिलीचोङ–३, ४, ५

७.सिम्लादाक मोटररेवल निर्माण आयोजना सिलीचोङ–२,३

८.सङ्खुवादोभान सल्लेरी गाउँपालिका सम्म जोड्ने सडक निर्माण आयोजना सिलीचोङ ४ र ५

९.विर्सुवा देखि माङ्तेवा हुदै गाउँपालिका जोड्ने सडक निर्माण आयोजना सिलीचोङ ४ र ५

१०.तोम्बे देखि गाउँपालिका जोड्ने सडक निर्माण आयोजना सिलीचोङ ४ र ५

११.फलफुल तथा तरकारी चिस्यान केन्द्र स्थापना सिलीचोङ–४

१२.बर्देउ बिर्सुवा साल्पाधाम सडक स्तर उन्नती सिलीचोङ–४

१३.सिन्तुप साम्रेल काम्पेप हुदै खुङ्वा जाने सडक निर्माण आयोजना सिलीचोङ–३

१४.लकुवा देखि बाला जोड्ने सडक तथा पुल निर्माण आयोजना सिलीचोङ–३

१५.सिम्लादाक देखि नागीटार जाने सडक निर्माण आयोजना सिलीचोङ–३

१६.गाउँपालिका देखि पाङ्तिमा मागुवा सडक निर्माण आयोजना सिलीचोङ–३

१७.कुलुङ संघ भवन निर्माण आयोजना सिलीचोङ–३

१८.नागीटार लामपोखरी पर्यटकीय पद मार्ग निर्माण आयोजना सिलीचोङ–३

१९.बुम्लिङटार बुधबारे डाँडागाउँ चित्रे बाकाङ गौबित्ता धामजाने सडक निर्माण आयोजना सिलीचोङ–२

२०.पिखुवा सिंचाई आयोजना निर्माण आयोजना सिलीचोङ–२

२१.खङ्लुवा सिंचाई निर्माण आयोजना सिलीचोङ–३

२२.कालीखोला छाई खोल्सी बृहत सिंचाई आयोजना सिलीचोङ–१

२३.नेवाटार खुईसीधाम सडक निर्माण आयोजना सिलीचोङ–१

२४.तिवाटार भिमसेन सडक निर्माण आयोजना सिलीचोङ–१

२५.मेमदोङ्गा खानेपानी निर्माण आयोजना सिलीचोङ–१

२६.बखल्टुम मोटरेवल पुल निर्माण आयोजना सिलीचोङ–१

२७.नेवाखोला बेलीब्रिज निर्माण आयोजना सिलीचोङ–१

२८.सिक्टेमटार भिमसेन आ बि सडक स्तर उन्नती सिलीचोङ–१

२८.बरदो सामुदायिक भवन निर्माण आयोजना सिलीचोङ–१

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशन माघ अन्तिममा आब्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत सिलीचोङ गाउँपालिकाले आ.व. ०७८/०७९ मा किसान सुचीकरण कार्यक्रम सञ्चालन गरेको र उक्त किसानहरु सुचीकरण कार्यक्रममा किसान सुचीकरणमा छुट हुन गएमा चालु आ.व. ०८१/०८२ मा समेत किसान सुचीकरण कार्यक्रम नेपाल सरकारबाट स्विकृत भई आएको हुदाँ छुट हुन गएका कृषकहरुलाई वडा तथा पालिकाबाट सुचना संप्रेषण गरी छुट हुन गएका किसानहरुलाई सुचीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा माघ दोश्रो हप्ता भित्र गाउँपालिकाको सार्वजनिक सुनुवाई गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. ०८०/०८१ को स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकन (LISA) प्रणालीमा प्रबिष्ट भई सकेको हुदाँ सो को नतिजा अनुमोदन गरी पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति सङ्खुवासभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा स्वर्गिक मार्ग संघ नेपालले आत्म, मन र शरीरको उपचार शिविर सञ्चालन तथा नेपाल पत्रकार महा संघले गाउँपालिकाको शन्देश प्रवाह गर्न भनी यस पालिकामा आर्थिक सहयोग माग गरेको हुदाँ उक्त संघहरुलाई सरकारी तथा गैरसरकारी संघ संस्था संग साझेदारी कोष शिर्षक मार्फत रकम रु.७५०००।– दरले सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

आज मिति २०८१ साल माघ २१ गते सोमबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को नवौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | प्रमुख प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

**प्रस्तावहरु**

१.समिक्षा सम्बन्धमा ।

२.गाउँसभा सञ्चालन सम्बन्धमा ।

३.सार्वजनिक सुनुवाई सम्बन्धमा ।

४.समपुरक अनुदान माग सम्बन्धमा ।

५.अन्तिम बिल भुक्तान सम्बन्धमा ।

६.जग्गा रजिष्ट्रेशन पास सम्बन्धमा ।

७.बिद्युत पोल माग सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८१ साल पौष ९ गते बसेको आठौं कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भएको सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १६ औं अधिबेशन यहि मिति २०८१/११/०५ गते ११:०० बजे देखि यस कार्यालयको सभाहलमा सञ्चालन हुने गरि आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व. २०८१/०८२ को प्रथम चौमासिक भित्र गरिएका प्रगतीहरुको समिक्षा तथा सार्वजनिक सुनुवाई यहि मिति २०८१/११/०४ गतेका दिन पालिका भित्रका सरोकारवालाहरुको उपस्थिमा कार्यालयको सभाहलमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकारको राष्ट्रिय योजना आयोग संग ताम्कु प्राथमिक अस्पताल ५ शैया, निर्माण आयोजना तथा कोशी प्रदेशको प्रदेश योजना आयोग कोशी प्रदेश बिराटनगर संग वडा नं. ५ याफुको वडा कार्यालय भवन निर्माण आयोजना निर्माणका लागि समपुरक अनुदान माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ समाज बिकास केन्द्र भवन निर्माण आयोजनाको लागि ठेक्का नं. NCB-SRM-SC-13-078/079 बमोजिम निर्माण कम्पनी श्री सिद्धार्थ निर्माण सेवा प्रा.लि. गणेशमान चारनाथ वडा नं. ७ र सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिच मिति २०७९/०३/१० गते का दिन मिति २०८१/०२/१९ गते सम्पन्न हुने गरी जम्मा रकम रु.८८३८६४०।२९ (अठासी लाख अठ्तिस हजार छ सय चालिस रुपैया उनन्तिस पैसा मात्र) मा संझौता भएकोमा उक्त संझौता म्याद भित्र आयोजना सम्पन्न हुन नसकेको कारण पुनः मिति २०८१।०६।१५ गते सम्म योजनाको म्याद थप गरी योजना म्याद थप संझौता अनुसार योजनाको कार्य प्रगतीको आधारमा तपशिल बमोजिमको रनिङ बिलको आधारमा प्रथम रनिङ बिल वापत रु.१४३८८९५। (चौध लाख अठ्तिस हजार आठ सय पन्चानब्बे रुपैया मात्र) दोश्रो रनिङ विल वापत रकम रु.२६०६७११।७२ (छब्बिस लाख छ हजार सात सय एघार रुपैया बहत्तर पैसा मात्र) र तेश्रो रनिङ बिल वापत रकम रु.२११००११।३९ (एकाईस लाख दश हजार एघार रुपैया उनन्चालिस पैसा मात्र) गरी जम्मा रकम रु.६१५५६१८।११ निर्माण कम्पनीलाई भुक्तान भई सकेको र अन्तिम बिल निकासाको लागि निर्माण कम्पनीले अनुगमन समिति तथा सिलीचोङ समाज बिकास केन्द्रको सिफारिस सहित निकासा माग गरेको हुदाँ प्राविधिक मुल्यांकन तथा कार्यप्रगती बमोजिम रु.२०७००७६।४८ (बिस लाख सत्तरी हजार छयत्तर रुपैया अठ्चालिस पैसा मात्र) नियमानुसार कर कट्टा गरि भुक्तान दिने साथै उक्त योजना सम्पन्न गर्न जम्मा रु. ८२२५६९४।५९ (अक्षरेपी बयासी लाख पच्चीस हजार छ सय चौरानब्बे उनन्साठी पैसा) भुक्तान भएको सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा निम्न बमोजिमको जग्गाधनीबाट सिलीचोङ गाउँपालिका, ५ नं वडा कार्यालय, याफुको भवन निर्माण तथा ईखे सामुदायिक भवन निर्माण गर्नको लागि जग्गा प्रति रोपनी रु.१५००००। का दरले गाउँपालिकाले खरिद गरेकोले ५ नं. वडा कार्यालयको नाममा जग्गा रजिष्ट्रेशन पासको लागि मालपोत कार्यालय, खाँदबारीमा आवश्यक कागजात सहित यस कार्यालयको तर्फबाट श्री प्रविन राई , ५ नं. वडा अध्यक्ष श्री ईश्वर राई वडा सदस्य श्री छत्र कुमार राईलाई अख्तियारी प्रदान गर्ने, उक्त जग्गा सरकारी भवन निर्माण प्रयोजन हुने भएकोले लाग्ने राजश्व छुट माग्ने तथा जग्गा प्राप्ती गर्ने प्रकृयामा लाग्ने सम्पूर्ण खर्च बिबिध खर्च शिर्षकबाट गाउँपालिकाले व्यहोर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | जग्गाधनीको नाम ठेगाना सम्पर्क नं | कित्ता नं | प्राप्त हुने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल काठमाण्डौ बस्ने वर्ष ५८ को श्री मित्रकुमारी राई, मोबाइल नं ९८६३००८६०१ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ५८१ | कित्ता नं ५८१ बाट ०.३२ वर्ग मिटर | कि.नं. ५८१ को जम्मा क्षेत्रफल ००६४० वर्ग मिटर |
| | | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ७०५ | कित्ता नं ७०५ बाट पुरै | कि.नं. ७०५ को जम्मा क्षेत्रफल ००७१० वर्ग मिटर |
| २ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल याफु बस्ने वर्ष ३८ को श्री विन्द्रा राई, मोबाइल नं ९७४६९७२३६६ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ७०४ | कित्ता नं ७०४ बाट पुरै | कित्ता नं ७०४ को जम्मा क्षेत्रफल ००३५० वर्गमिटर |
| | | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ६८१ | कित्ता नं ६८१ बाट पुरै | कित्ता नं ६८१ को जम्मा क्षेत्रफल ०००४० वर्गमिटर |
| ३ | संखुवासभा जिल्ला सिलीचोङ-५ घर भइ हाल मोरङ बस्ने वर्ष ६४ को श्री धनबहादुर राई, मोबाइल नं ९७६२९९३८७ | साविक याफु गा.वि.स. वडा नं ३ स्थित कित्ता नं १९३ | कित्ता नं १९३ बाट १ रोपनी | कित्ता नं १९३ को जम्मा क्षेत्रफल ००७३० वर्गमिटर |
| ४ | सिलीचोङ-५ घर भइ हाल याफु बस्ने वर्ष ७० को श्री तुलामाया रैनी, मोबाइल नं ९७४९४८६०९३ | साविक याफु गा.वि.स. वडा नं ३ स्थित कित्ता नं १९४ | कित्ता नं १९४ बाट ०.३३ रोपनी | कित्ता नं १९४ को जम्मा क्षेत्रफल २६०.०० वर्गमिटर |
| ५ | सिलीचोङ-५ याफु बस्ने वर्ष ५५ को दिल कुमार राई मोबाइल नं ९७०३६४९३१७ | साविक याफु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं ८१४ | कित्ता नं ८१४ बाट २ रोपनी | कित्ता नं ८१४ बाट १०१७.४४ व.मि. |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र हाल बिस्तार भई रहेको पुर्ण बिद्युतीकरण आयोजना अन्तर्गत वडा नं. १, २,३ र ४ मा विद्युत पोल अपुग भएको हुदाँ उक्त अपुग बिद्युत पोल नेपाल बिद्युत प्राधिकरण संग तपशिल बमोजिम माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.सं. | वडा नं. | सामाग्रीको किसिम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १ | हाईटेन्सन पोल | ० | |
| | | लो टेन्सन पोल | ४२० | |
| २ | २ र ३ | हाईटेन्सन पोल | ८५ | |
| | | लो टेन्सन पोल | १००४ | |
| | | ट्रान्सफ्रमर | ४ | |
| ३ | ४ | लो टेन्सन पोल | २० | |
| | | तार | २००० मि. | |
| | | ट्रान्सफ्रमर | १, (५० Kva) | |
| ४ | ५ | हाईटेन्सन पोल | २०० | गोङ्तला, दवाटक, साईसिमा, याङदेन, वाङ्वा र बप्लीङटार |
| | | लो टेन्सन पोल | १५० | |
| | | तार | आवश्यकता अनुसार | |
| | | ट्रान्सफ्रमर | ६ | |

आज मिति २०८१ साल फागुन ०३ गते शनिबारको दिन विहान ११:०० वजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.ब. ०८१/०८२ को दशौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्रबहादुर राई | प्रमुख प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | दिपक खडका | लेखापाल | |

**प्रस्तावहरु**

१.समिक्षा सम्बन्धमा।

२.नुन वितरण सम्बन्धमा ।

३.प्रदेश स्तरीय योजना माग सम्बन्धमा ।

४.गाउँसभामा समक्ष पेश गर्ने प्रस्तावहरु सम्बन्धमा ।

५."सिलीचोङ गाउँपालिकाको दलित महिलाहरुको लागि उच्च शिक्षा छात्रबृती वितरण सम्बन्धी बिधेयक २०८१" को अवधारणा पत्र सम्बन्धमा ।

६.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने सीप बिकास तालिम केन्द्र तथा तालिम छनौट सम्बन्धमा ।

७.बिद्युत अर्थिङ माग सम्बन्धमा ।

८.चटेक्मा लघुजलबिद्युत आयोजनाको कुलो मर्मत सम्बन्धमा ।

९.योजना माग सम्बन्धमा ।

१०.बिभिन्न शाखामा रिक्त दरबन्दीहरु कर्मचारी करार नियुक्त सम्बन्धम ।

## निर्णयहरु

### निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८१ साल माघ २१ गते बसेको नवौं कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भएको सर्वसम्मत निर्णय गरियो ।

### निर्णय नं.२

प्रस्ताव नं.२ माथि छलफल गर्दा साल्टट्रेडिङ कर्पोरेशन शाखा कार्यालय खाँदबारी सङ्खुवासभाबाट यस आ.व. का लागि सिलीचोङ गाउँपालिकालाई ७५००० के.जी. आयोडिन युक्त नुन प्राप्त हुने भएको हुदाँ गाउँपालिकाले उक्त नुन प्रति के.जी. रु.९। का दरले खरिद तथा ढुवानी गरि पालिका भित्रका वडाहरुलाई तपशिल बमोजिम निःशुल्क वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | वडा नं. | वितरण हुने नुनको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | १ | १६५२४ | |
| २ | २ | १६९८३ | |
| ३ | ३ | १८६३० | |
| ४ | ४ | १२८२५ | |
| ५ | ५ | ९९०९ | |
| ६ | स्वास्थ्य | १२९ | |
| जम्मा | | ७५०००० | |

निर्णय नं.३

**प्रस्ताव नं.३ माथि छलफल गर्दा प्रदेश योजना आयोग कोशी प्रदेश बिराटनगरको च.नं. २२८ पत्र मिति २०८१।१०।२४ गतेको प्रदेशस्तरीय योजना माग सम्बन्धी पत्र बमोजिम यस गाउँपालिकालाई तपशिल बमोजिमको आयोजना तथा योजनाहरुको आवश्यक रहेको हुदाँ तपशिल बमोजिमका योजनाहरु सम्बन्धित मन्त्रालय तथा कार्यालयहरुमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।**

तपशिल

| क्र.सं. | योजनाको नाम तथा ठेगाना | योजना माग गरेको मन्त्रालय तथा कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | तोम्बे, वाङ्टाङ, ९ईलाका प्रहरी कार्याल, ४ नं. वडा हुदै गाउँपालिका सम्म सडक स्तर उन्नती तथा सडक कालोपत्रे योजना । | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २ | सङ्खुवा दोभान सल्लेरी देखि गाउँपालिका सम्म सडक स्तर उन्नती तथा कालो पत्रे योजना । | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ३ | बुम्लिङ, बुधबारे हुदै गाउँपालिका जोड्ने सडक स्तर उन्नती तथा कालोपत्रे निर्माण योजना । | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ४ | दाङ्खा, सिन्तुप हुदै काम्पेप सम्म सडक ट्र्याक ओपन योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ५ | लकुवा बिद्युत पावर हाउस हुदै दाङ्खिला सम्म सडक निर्माण आयोजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ६ | तोम्बे खाम्खु पिसुवा हुदै ५ नं. वडा कार्यालय जोड्ने सडक ट्र्याक ओपन तथा सडक स्तर उन्नती आयोजना । | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ७ | तोम्बे अरुण नदिमा मोटरेवल पुल निर्माण आयोजना । | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ८ | दिल्वादोभान, यांसिमा चकेला सडक ट्र्याक ओपन योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ९ | तिवाटार देखि भिमसेन आ.वि. सडक ट्र्याक ओपन योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |

| | | | |
|---|---|---|---|
| १० . | माघुवा देखि पाङ्तिमा हुदै गाउँपालिका सडक निर्माण आयोजना । | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| ११ | कङ्थुला लम्मुवा पेलुम्माटार बेतेनी तल्लोटोल सडक निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १२ | बेल्दो बेलीब्रिज निर्माण योजना सिलीचोङ १ | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १३ | गोगने चकेला झो पु निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १४ | सेन्छोङ झो पु निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १५ | बुधबारे कृषि बजार भौतिक पुर्वाधार निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १६ | नेवाटार बेलीब्रिज निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १७ | पुखुवाखोला बेलीब्रिज निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १८ | किरुलुङ भिर झो पु निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| १९ | पिखुवाखोला बेलीब्रिज निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २० | किरुलुङ भिर बाटो निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २१ | बेश्कु खोला बेलीब्रिज निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २२ | काईकोक झरना भौतिक पुर्बाधार निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २३ | सिम्लादक मोटरेवल पुल निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २४ | पालिका स्तरिय खेलकुद रंगशाला निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २५ | लकुवा बाला लामो झो पु निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २६ | लकुवा याचाम्खा रोप वे निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २७ | सिक्टेमटार खेल मैदान निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २८ | बाला लकुवा लामो झो पु निर्माण योजना | पुर्वाधार बिकास कार्यालय/निर्देशनालय | |
| २९ | दर्शने मुलगाउँ पिसुवा सिंचाई निर्माण आयोजना | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | |
| ३० | छिङ्खुवा सिंचाई योजना | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | |
| ३१ | आधुनिक पानीघट्ट निर्माण योजना | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | |
| ३२ | तिन्बुङ्गे सिंचाई योजना | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | |
| ३३. | बरबटडुंग मोटरेबल पुल सि.गा.पा. १ र २ जोड्ने | भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| ३४ | लक्ष्मी आ.वि. घेराबार | भौतिक पूर्वाधार विकास | |

| | | | |
|---|---|---|---|
| ३३ | लिवा खानेपानी निर्माण योजना | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | |
| ३४ | याचम्खा खानेपानी निर्माण योजना | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | |
| ३५ | पाँचपोले ताम्कु बृहत खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ३६ | मेम्पोङ्गा खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ३६ | यांसिम्मा खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ३८ | सिसुवाटार, पौखमटार चौरी खर्क खानेपानी निर्माण आयोजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ३९ | धेवा खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४० | विक्पा खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४१ | लिवा खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४२ | तेयुङ खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४३ | चिर्खुवा खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४४ | तल्लो टोल खानेपानी निर्माण आयोजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४५ | दाङ्खिला बेतेनी खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४६ | खोक्विप खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४७ | पिखुवा सिंचाई आयोजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ४८ | ईङ्खे ओङ्ओङ्वा लिफ्टीङ खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |

| | | | |
|---|---|---|---|
| ४९ | देउराली गोङ्खोला लिफ्टीङ खानेपानी निर्माण योजना | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | |
| ५० | महेश्वरी छात्रा सौचालय निर्माण योजना | सामाजिक बिकास मन्त्रालय | |
| ५१ | महेश्वरी मा बि कम्पाउण्ड घेराबारा निर्माण योजना | सामाजिक बिकास मन्त्रालय | |
| ५२ | स्वातन्त्र पेन्टीकोष्टल ख्रिष्टीय मण्डलीको खेल मैदान निर्माण योजना सिलीचोङ ५ | सामाजिक बिकास मन्त्रालय | |
| ५३ | ब्याडमिन्टन कवडहल निर्माण योजना सिलीचोङ ३ | सामाजिक बिकास मन्त्रालय | |
| ५४ | ब्याडमिन्टन कवडहल निर्माण योजना सिलीचोङ ५ | सामाजिक बिकास मन्त्रालय | |
| ५५ | सगरमाथा मा बि घेरावारा निर्माण योजना | सामाजिक बिकास मन्त्रालय | |
| ५६ | जीवन ज्योति मा बि घेरावारा निर्माण योजना | सामाजिक बिकास मन्त्रालय | |
| ५७ | बेन्छोङ खेलकुद मैदान निर्माण | सामाजिक बिकास मन्त्रालय | |
| ५८ | भाडी खोल्सी सिंचाई निर्माण आयोजना सिलीचोङ ५ | जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय | |
| ५९ | आदिवासी जनजाती संग्राहलय भवन निर्माण योजना | शहरी बिकास तथा भवन कार्यालय | |
| ६० | बरदो सामुदायि भवन निर्माण योजना | शहरी बिकास तथा भवन कार्यालय | |
| ६१ | नाछिरिङ भवन निर्माण योजना सिलीचोङ ५ | शहरी बिकास तथा भवन कार्यालय | |
| ६२ | कुलुङ मेवाहाङ संग्राहलय निर्माण योजना | शहरी बिकास तथा भवन कार्यालय | |
| ६३ | पालिका स्तरीय फलफुल तथा तरकारी भण्डार सीत भण्डार | कृषि बिकास निर्देशनालय | |
| ६४ | ईलाका प्रहरी कार्यालय भवन निर्माण योजना सिलीचोङ ५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | |
| ६५ | ईलाका प्रहरी कार्यालय भवन निर्माण योजना सिलीचोङ ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | |
| ६६ | ईलाका प्रहरी कार्यालय भवन निर्माण योजना सिलीचोङ २ बुधबारे | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | |
| ६७ | पालिका स्तरीय अल्लो मुमघर निर्माण योजना | उद्योग कृषि तथा शहरी बिकास मन्त्रालय | |
| ६८ | सुन्तला जोन कार्यक्रम सिलीचोङ १,२ र ५, ४ | कृषि बिकास निर्देशनालय | |

| | | | |
|---|---|---|---|
| ६९ | कृषि उत्पादन प्रशोधन केन्द्र | कृषि बिकास निर्देशनालय | |
| ७० | अल्लो अलैची प्रबर्धन कार्यक्रम | कृषि बिकास निर्देशनालय | |
| ७१ | बाख्रा पकेट कार्यक्रम | भेटेरीनरी अस्पताल तथा बिज्ञ केन्द्र | |
| ७२ | याक प्रर्बधन कार्यक्रम | भेटेरीनरी अस्पताल तथा बिज्ञ केन्द्र | |
| ७३ | याफु स्वास्थ्य चौकी घेराबारा | स्वास्थ्य मन्त्रालय | |
| ७४ | सातकन्य सिंहदेबीथान मर्मत योजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ७५ | खेन्पालुङ गुफा भौतिक निर्माण आयोजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ७६ | उर्गेननाम्डुई छोयोलिङ गुम्बा खानीगाउँ निर्माण योजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ७७ | फिन्चोक नोर्लीङ गुम्बा सिलीचोङ १ | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ७८ | धारेभिर स्काई वाकटावर निर्माण योजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ७९ | नागीटार लामपोखरी पर्यटन भौतिक पुर्वाधार निर्माण योजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ८० | तेन्छोङ मकुवा सिम खर्क गुराँसे सिलीचोङ पद मार्ग निर्माण योजना। | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ८१ | ईंखे भन्ज्याङ देउराली खेन्पालुङ गुफा सम्म पर्याटकीय पद मार्ग निर्माण योजना। | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ८२ | नेवाटार खुईधाम गौबित्ताधाम कमेरे पर्यटीय सडक निर्माण योजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ८३ | चित्रे, कमेरे पर्यटीय सडक निर्माण योजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |
| ८४ | गुफा डाँडा देखि देउराली, खेन्पालुङ हुदै लमेनी पर्यटीय सडक निर्माण योजना | पर्यटन कार्यालय/पर्यटन बिकास आयोजना कार्यालय। | |

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १६ औं अधिबेशनमा तपशिलका प्रस्तावहरु पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल

१.सिलीचोङ गाउँपालिकाको आ.व.२०८१/०८२ को प्रथम कार्यपालिका बैठक सँख्या १ देखि १० औं कार्यपालिका बैठक सम्मका निर्णयहरु अनुमोदन सम्बन्धमा प्रस्ताव ।

२."सिलीचोङ गाउँपालिकाको दलित महिलाहरुको लागि उच्च शिक्षा छात्रबृती वितरण सम्बन्धी बिधेयक २०८१" अनुमोदन सम्बन्धी प्रस्ताव ।

३.सिलीचोङ गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को योजना प्रगती अनुमोदन सम्बन्धी प्रस्ताव ।

४.सिलीचोङ गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को बिनियोजन ऐन संशोधन सम्बन्धी प्रस्ताव ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको दलित महिलाहरुको लागि उच्च शिक्षा छात्रबृती वितरण सम्बन्धी बिधेयक २०८१" को अवधारणापत्र महिला बालबालिका तथा जेष्ठनागरिक शाखाबाट तयार भई पेश हुन आएको हुदाँ उक्त अवधारणा पत्र बमोजिम बिधेयक समितिबाट सिलीचोङ गाउँपालिकाको दलित महिलाहरुको लागि उच्च शिक्षा छात्रबृती वितरण सम्बन्धी बिधेयक २०८१" तयार गरि गाउँसभाको १६ अधिबेशनबाट अनुमोदनको लागि अवधारणापत्र स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित सीप क्षमता/जिवन उपयोगी तालिम यस गाउँपालिकाले सञ्चालन गर्नु पर्ने भएको हुदाँ सिलीचोङ १ र २ वडाका लागि सिलीचोङ २ बुधबारेमा डकर्मी तालिम र सिलीचोङ ३,४ र ५ का लागि माङ्तेवा वडा कार्यालयमा प्लम्बिङ तालिम मिति २०८१।११।१० गते गाउँपालिकाको भवनमा संयुक्त रूपमा उद्घघाटन गरि उल्लेखित स्थलहरुमा मिति २०८१।११।११ गते देखि सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाका सबै वडाहरु चट्याङको जोखिम क्षेत्र भएकोले वर्षेनी मानव तथा पशुधनको क्षती भई रहेको हुदाँ पालिका भित्र बिस्तार गरिएको केन्द्रिय बिद्युत लाईनमा अर्थिङको लागि बिद्युत प्राधिककरण संग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. १ सिसुवाखोला स्थित ४०० घर परिवारले प्रयोग गर्दै गरेको चटेक्मा लघुजल बिद्युत आयोजनाको कुलो गत भाद्र महिनामा परेको अविरल वर्षाको कारण क्षती भई बिद्युत सेवा अवरुद्ध भएको हुदाँ कुलो मर्मतका लागि बैकल्पिक उर्जा प्रबर्धन खुमलटार, ललितपुरमा माग गर्ने सर्वसम्मत निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं.९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कोशी प्रदेश योजना आयोग संग आ.व. २०८२/०८३ को लागि समपुरक तथा बिशेष अनुदानमा गाउँपालिकाका [illegible] सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | अनुदानको [illegible] | कैफियत |
|---|---|---|---|
| १ | बुधबारे कृषि बजार ब्यवस्थापन निर्माण योजना | बिशेष अनुदान | |
| २ | बखल्टुम सिसुवाखोला जोड्ने सडक योजना | समपुरक | |
| ३ | ५ नं. वडा कार्यालय भवन निर्माण योजना सिलीचोङ ५ | समपुरक | |

## निर्णय नं.१०

प्रस्ताव नं. १० माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाका बिभिन्न शाखाहरुमा कर्मचारी सरुवा भई गएको स्विकृत रिक्त स्वास्थ्य प्राविधिक दरबन्दी तथा पालिकाले सिर्जना गरेको दरबन्दीमा करार नियुक्तीका लागि बिज्ञापन गरि पदपुर्ती गर्ने सर्वसम्मत निर्णय गरियो ।

### तपशिल

| क्र.सं. | पद | सँख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १ | कविराज | १ | सहायक पाचौं | |
| २ | ल्याव असिष्टेन्ट | १ | सहायक चौथो | |
| ३ | स्टाफ नर्स | १ | सहायक पाचौं | |

आज मिति २०८१ साल फागुन १८ गते आइतबारको दिन विहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को एघारौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | दीपेन्द्रकुमार राई | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | केदार राई | कार्यालय सहयोगी | |

## प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा ।

२. बेली ब्रिज निर्माण योजना (संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कोष साझेदारी) ठेक्का नं. NCB-SRM-BAILEY-1-080/81 को कार्य सम्पन्न गर्ने समय थप संबन्धमा ।

३. एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।

## निर्णयहरु:

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१ साल फागुन ०३ गते बसेको दशौं कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको वडा नं. ४ मा संचालनमा रहेको बेली ब्रिज निर्माण योजना ( संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कोष साझेदारी ) ठेक्का नं. NCB-SRM-BAILEY-1-080/81 को निर्माण कार्य गरिरहेको श्री ममता इन्टरप्राइजेज एण्ड कन्स्ट्रक्सन प्रा.ली. ले मिति २०८१/११/१० गते यस गाउँपालिकामा वि.सं. २०८१ सालको ज्येष्ठ र असार महिनामा आएको बाढीका कारण सोही सालको कात्तिक महिना सम्म निर्माण कार्य संचालन गर्न अवरोध भएको कारण देखाउदै उक्त योजना सम्पन्न गर्नपर्ने म्याद थप गर्न पत्र पेश गरेको तथा सोही मितिको अर्को पत्रबाट उक्त योजना २०८२ ज्येष्ठ मसांत सम्ममा सम्पन्न गर्ने प्रतिबद्धता जनाएको कारण उक्त योजनाको कार्य सम्पन्न मिति २०८२/०२/३१ गते सम्म थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रहेको एउटा एम्बुलेन्सले वर्षातकालीन समयमा भौगोलिक विकटताको कारण सबै वडामा सेवा दिन नसक्ने भएकोले खिखुवाखोला स्वास्थ्य चौकीको नाममा रहने गरि सिलीचोङ गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको गुराँस हाइड्रोपावर जलविद्युत कम्पनी लिमिटेडबाट सामाजिक उत्तरदायित्वको रुपमा १ वटा एम्बुलेन्स "ख" वर्गको माग गरि राजश्व छुट लगायत आवश्यक प्रकृयाको लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति संखुवासभामा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

आज मिति २०८१ साल चैत्र १४ गते विहिबारको दि[illegible]न ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमका उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को बाह्रौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | दीपेन्द्रकुमार राई | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | केदार राई | कार्यालय सहयोगी | |

<u>प्रस्तावहरु:</u>

१. समीक्षा सम्बन्धमा ।

२. प्रदेशस्तरीय योजना माग सम्बन्धमा ।

३. फुसको छानो हटाउने तथ्याङ्क पठाउने सम्बन्धमा ।

४. भूमिहीन भूमि समस्या आयोगसंग सम्झौता सहमति कार्य सम्बन्धमा ।

५. भूमिहीन भूमि समस्या आयोग सहजीकरण समिति बनाउने सम्बन्धमा ।

६. थप NTC Tower स्थापना सम्बन्धमा ।

७. रजिष्ट्रेशन शुल्क ५०% छुट सम्बन्धमा ।

८. सिलीचोङ क्लब भवन सम्पन्न भई हस्तान्तरण गर्ने सम्बन्धमा ।

९. शिक्षक सरुवा सम्बन्धमा ।

१०. एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।

११. कृषियोग्य भूमिलाई आवासक्षेत्र बनाउने सम्बन्धमा ।

१२. राष्ट्रिय परिचय पत्र शिबिर सञ्चालन सम्बन्धमा

१३. समबेदना सम्बन्धमा ।

१४. विविध (क) सरुवा सहमति सम्बन्धमा

(ख) चटेक्मा लघुजलविद्युत र खङ्लुवा लघुजलबिद्युत मर्मत सम्भार सम्बन्धमा ।

## निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१ साल फागुन १८ गते बसेको एघारौं कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश योजना आयोग कोशी प्रदेश बिराटनगरको च.नं. २२८ पत्र मिति २०८१।१०।२४ गतेको प्रदेशस्तरीय योजना माग सम्बन्धि पत्र बमोजिम गत २०८१ फागुन ०३ गते कार्यपालिकाको बैठक बसी निर्णय गरेबमोजिमको ८४ वटा योजना मागसंगै तपशिलका थप योजनाहरु प्राथमिकिकरणको रुपमा प्रदेशस्तरीय आयोजना माग फाराम (अनुसूची -२ दफा ६ को उपदफा (२) संग सम्बन्धित) मा संलग्न गरि यथाशक्य चाँडो कोशी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयहरुमा उक्त योजनाहरु माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

| क्र.स. | योजनाको नाम तथा ठेगाना | योजना माग गरेको मन्त्रालय तथा कार्यालय | अनुमानित लागत रु | कैफियत |
|---|---|---|---|---|
| १ | पौखमटार बर्थिङ सेन्टर निर्माण तथा कम्पाउण्ड वाल निर्माण सिलीचोङ २ पौखमटार | स्वास्थ्य मन्त्रालय / भौतिक पूर्वाधार वि. मन्त्रा | ९० लाख | |
| २ | कङ्थुला सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण | स्वास्थ्य मन्त्रालय/ भौतिक पूर्वाधार विकास मन्त्रालय | ५० लाख | |

| | | | | |
|---|---|---|---|---|
| | सिलीचोङ गाउँपालिका सिलीचोङ २ कङ्थुला | | | |
| ३ | यांसिम्मा बर्थिङ सेन्टर निर्माण तथा कम्पाउण्ड वाल निर्माण सिलीचोङ १ यांसिम्मा | स्वास्थ्य मन्त्रालय/ भौतिक पूर्वाधार वि. मन्त्रालय | ९० लाख | |
| ४ | याफू स्वास्थ्य चौकी कम्पाउण्ड वाल निर्माण सिलीचोङ ५ याफू | स्वास्थ्य मन्त्रालय/ भौतिक पूर्वाधार वि. मन्त्रालय | ९० लाख | |
| ५ | चित्रे सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण सिलीचोङ १ चित्रे | स्वास्थ्य मन्त्रालय/ भौतिक पूर्वाधार विकास मन्त्रालय | ७० लाख | |
| ६ | माङ्तेवा स्वास्थ्य चौकी ट्रस तथा रिटेनिङ् वाल निर्माण सिलीचोङ गाउँपालिका ४ माङ्तेवा | स्वास्थ्य मन्त्रालय। भौतिक पूर्वाधार विकास मन्त्रालय | १ करोड ५० लाख | |
| ७ | गोङताला सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण सिलीचोङ गाउँपालिका ५ गोङ्ताला | स्वास्थ्य मन्त्रालय/ भौतिक पूर्वाधार विकास मन्त्रालय | ९० लाख | |
| ८ | चित्रे बकाङ कमेरे गोबित्ताधाम पदमार्ग सिलीचोङ गाउँपालिका १ | पर्यटन विकास आयोजना | १ करोङ | |
| ९ | गुफाडाँडा - चोङरे - लमेनी ओडार पदमार्ग निर्माण सिलीचोङ गाउँपालिका ३, ४ र ५ | पर्यटन विकास आयोजना | १ करोड | |
| १० | काईकोक झर्ना भौतिक पूर्वाधार निर्माण सिलीचोङ १ | पर्यटन विकास आयोजना | १ करोड | |
| ११ | भिमसेन आ.वि. हुदै सिलीचोङ हिमाल पदमार्ग सिलीचोङ गाउँपालिका १ | पर्यटन विकास आयोजना | २ करोड | |
| १२ | कोल्ड स्टोर निर्माण सिलीचोङ गाउँपालिका ३ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | ५ करोड | |
| १३ | साना सिंचाई निर्माण सिलीचोङ गापाको ५ वटै वडाको दश स्थानमा | उद्योग कृषि तथा सहकारी मन्त्रालय | ५० लाख | |
| १४ | कृषि एम्बुलेन्स | उद्योग कृषि तथा सहकारी मन्त्रालय | ५० लाख | |
| १५ | कृषि यान्त्रिकरण आयोजना सिलीचोङ गापाको ५ वटै वडामा | उद्योग कृषि तथा सहकारी मन्त्रालय | १० लाख | |
| १६ | साझा सुविधा केन्द्र भवन निर्मण सिलीचोङ गाउँपालिका ३ | उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय | ५० लाख | |
| १७ | ईंखे सामुदायिक भवन निर्माण सिलीचोङ ५ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ करोड | |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाभित्रका सबै वडाको फुसको छानो भएका घरहरुको तथ्यांक संकलन गरी शहरी विकास मन्त्रालयमा पठाउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोगसंग स्थानीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति, वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिसंग कार्य सम्झौता सहमति कार्य गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिहीन र अव्यवस्थित बसोबास व्यस्थापन सहजीकरण समिति देहायबमोजिम यस गाउँपालिकामा गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

(अ) स्थानीय तह भूमिहीन र अव्यवस्थित बसोबास व्यस्थापन सहजीकरण समितिः

- (क) श्री भूपालराज राई गाउँपालिका अध्यक्ष – संयोजक
- (ख) श्री देविता राई गाउँपालिका उपाध्यक्ष – उपसंयोजक
- (ग) स्थानीय तहमा कृयाशील राजनीतिक दलबाट खटाएको प्रतिनिधिः
- (घ) दलित महिला सदस्यः
- (ङ) एक महिला सदस्य
- (च) नागरिक समाजबाट
- (छ) नागरिक समाजबाट
- (ज) नागकरिक समाजबाट
- (झ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

(आ) वडास्तरीय तह भूमिहीन र अव्यवस्थित बसोबास व्यस्थापन सहजीकरण समितिः

- (क) वडा अध्यक्ष संयोजक
- (ख) वडा सदस्यहरु सदस्य
- (ग) वडाका कृयाशील राजनीतिक दल
- (घ) नागरिक समाज
- (ङ) नागरिक समाज
- (च) वडा सचिव सदस्य सचिव

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस पालिकाको वडा नम्बर ५ स्थित मगाङ तेर्सेखर्क (अक्षांश २७.५७३९५१ र देशान्तर ८७.१४०८४२) मा NTC को टावर निर्माण गर्ने र सो कार्यका लागि नेपाल टेलिकम संखुवासभालाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०८१ को दफा २ को अनुसूची १ घ को २ अनुसार यस सिलीचोङ गाउँपालिका भित्र सञ्चालनमा रहेका तथा सञ्चालनमा गरिने आयोजनाहरुले घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्कमा ५०% छुट हुने व्यवस्था भए वमोजिम प्रचलित कानून अनुसारको कार्य गर्न गराउनका लागि मालपोत कार्यालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिद्दार्थ निर्माण सेवा धनुषाले सिलीचोङ क्लव भवन निर्माण सम्पन्न गरिसकेको र फरफारक भै भुक्तानी भैसकेको हुदाँ हस्तान्तरणको प्रकृया यहि २०८१ चैत्र भित्र हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकामा पदस्थापन भएका स्थायी शिक्षकहरुलाई २ वर्षपछि गाउँपालिका बाहिर सरुवा भई जाने कार्यान्वयन हुदै आएकोमा अव उप्रान्त शिक्षा ऐन नियमावली बमोजिम सरुवा प्रकृयालाई कार्यन्वयनमा ल्याउने पालिका शिक्षा समितिबाट प्राप्त प्रस्तावलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रको नाममा रहेको एउटा एम्बुलेन्सले वर्षातकालीन समयमा भौगोलिक विकटताको कारण सबै वडामा सेवा दिन नसक्ने भएकोले बाला स्वास्थ्य चौकीको नाममा रहने गरि काठमाडौं महानगरपालिकासंग १ वटा एम्बुलेन्स "ख" वर्गको अनुरोध गर्ने साथै राजश्व छुट लगायत आवश्यक प्रकृयाको लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति संखुवासभामा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिका वडा नम्बर ३ ताम्कू बस्ने धनध्वज राईको नाति जस बहादुर राईको छोरा ना. प्र. नं. २५५ को केशर मान राईको सिलीचोङ गाउँपालिका वडा नम्बर ४ साबिक वडा नम्बर ४ स्थित जिल्ला मालपोत कार्यालय संखुवासभामा दर्ता श्रेस्ता कायम रहेको जग्गा धनी प्रमाणपुर्जा कित्ता नम्बर ३०३, ३०६, ३०९, ३८४ र ३८५ को जग्गा सिलीचोङ गाउँपालिकाले जग्गा वर्गिकरण गर्दा कृषियोग्य जमिनमा वर्गिकरण गरेको हुदाँ निज केशर मान राईले उक्त जग्गालाई आवासीय क्षेत्रमा परिवर्तन गरि जिल्ला मालपोत कार्यालय तथा नापी शाखालाई सिफारिस सहित

निर्णय गरिदिनु हुन भनि निवेदन यस कार्यालयमा पेश गरेको हुँदा निबेदकको माग बमोजिम कृषियोग्य जग्गालाई माथि उल्लेखित कित्ता नम्बरको जग्गाहरु आवासीय क्षेत्रमा वर्गिकरण गरिदिन हुन मालपोत कार्यालयलाई सिफारिश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नम्बर ५ मा पुरै र अन्य वडामा पनि छुटेका आम नागरिकहरुको लागि राष्ट्रिय परिचयपत्र उपलब्ध गराउनको लागि शिबिर सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय संखुवासभालाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नम्बर ५ निबासी यस गाउँपालिका गाउँ कार्यपालिका सदस्य श्री सागर राईज्यूको बुबा समाजसेवी टिकाराम राई वि.सं. १९९६ सालमा जन्मनुभइ वि.सं. २०८१ सालमा असामयिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै शोक संतप्त परिवारजनप्रति समबेदन व्यक्त गर्दै गाउँपालिका परिवारबाट मृतकको चीर शान्तीको कामना सहित हार्दिक श्रद्दाञ्जली व्यक्त गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १४ (क)

प्रस्ताव नं. १४ (क) माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत अ.न.मी. (सहायकस्तर चौथो) श्री **मिना भट्ट**ले आफ्नो स्वास्थ्य अवस्था अस्वस्थ भइ सरुवा सहमतिको लागि निबेदन दिनुभएकोले अन्तर स्तर स्थानीय तह सरुवाको लागि **स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०** को दफा २४ को उपदफा ४ बमोजिम निजलाई सरुवाको सहमति अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १४ (ख)

प्रस्ताव नं. १४ (ख) माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका वडा नम्बर १ अन्तरगतको चटेक्मा लघुजलबिद्युत र सिलीचोङ वडा नम्बर ३ को खङ्लुवा लघुजलबिद्युत आयोजना कुलो संरचना जीर्ण भएकोले **मर्मत सम्भार कोषबाट** कुलो मर्मत सम्भारको लागि चटेक्मा लघुजलबिद्युतलाई रु २०००००।(अक्षरेपी दुईलाख रुपैयाँ मात्र) र खङ्लुवा लघुजलबिद्युतलाई रु.१०००००।(अक्षरेपी एक लाख रुपैयाँ मात्र) विनियोजन गरि मर्मत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

आज मिति २०८२ साल बैशाख ०४ गते सोमबारको दिन विहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को तेह्रौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा ।
२. राष्ट्रपति महिला उत्थान जीजिकोपार्जन सुधार कार्यक्रम सम्बन्धमा ।
३. शिक्षण र अनुगमनमा ICT को प्रयोगका लागि रकम बिनियोजन सम्बन्धमामा ।
४. योजना तथा कार्यक्रम माग सम्बन्धमा ।
५. चालु आ.व. को योजना प्रगती विवरण सम्बन्धमा ।
६. रकम भुक्तान सम्बन्धमा ।
७. संस्था दर्ता सम्बन्धमा ।
८. राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन सम्बन्धमा ।
९. योजना माग गर्ने सम्बन्धमा ।
१०. कर उठाउने सम्बन्धमा ।

## निर्णयहरु:

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१ साल चैत्र १४ गते बसेको बाह्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिंहदरबार काठमाण्डौबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ बमोजिम आ.व. ०८१/ ०८२ मा राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रममा रु.८९००००।- प्राप्त भएको र सो रकमबाट सिलीचोङ गाउँपालिका भित्रका सबै वडाबाट ५-५ जनाको दरले होम स्टे सञ्चालन सम्बन्धी तालिमका लागि सँस्था छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शिक्षा बिकास निर्देशनालय कोशी प्रदेश धनकुटाको योजना तथा कार्यक्रम शाखाको चं. नं. ५५७ पत्र मिति २०८१।१२।२६ गतेको पत्र बमोजिम सिलीचोङ गाउँपालिका वडा नं. २ बाला स्थित श्री बाला माध्यमिक बिद्यालयलाई शिक्षण र अनुगमनमा ICT प्रयोगका लागि व्यवस्थापन कार्यक्रममा छनौट भएको र उक्त कार्यक्रम कार्यन्वयनमा साँझेदारीमा लगानी गर्नु पर्ने भएकोमा जम्मा रकम रु.८५००००।– (अक्षरेपी आठ लाख पचास हजार रुपैया) को स्थानीय तहको १५ प्रतिशतले हुन आउने रकम रु. १२७५००।– (एक लाख सत्ताईस हजार पाँच रुपैया मात्र) सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साझेदारी कोष मार्फत खर्च हुने गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र अति आवश्यक भौतिक पुर्वाधार निर्माण आयोजना तथा आय आर्जनमा संभावना भएका तपशिलका कार्यक्रमहरु भारतीय राजदुतावासले सञ्चालन गर्ने उच्च प्रभाव युक्त सामुदायिक बिकास परियोजना (HICDPs) योजना तथा कार्यक्रमहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत माग गर्ने सर्वसम्मत निर्णय गरियो।

### तपशिल

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | श्री बाला याम्दाङ मा.बि. भौतिक निर्माण योजना | वडा नं.२ | |
| २ | श्री बाला मा.बि. भौतिक निर्माण योजना | वडा नं.२ | |
| ३ | श्री जिवन ज्योती मा.बि. भौतिक निर्माण योजना | वडा नं.४ | |

| | | | |
|---|---|---|---|
| ४ | सिलीचोङ वहुपर्यटन सडक निर्माण योजना | **पालिका भित्र** | |
| ५ | पालिका स्तरीय फोहोर व्यवस्थापन योजना | वडा नं.३ | |
| ६ | श्री माहेश्वारी मा.बि. भौतिक निर्माण योजना | वडा नं.५ | |
| ७ | बृहत अदुवा खेती | सबै वडाहरु | |
| ८ | बृहत अलैची खेती | सबै वडाहरु | |
| ९ | बृहत अकबरे खुर्सानी खेती | सबै वडाहरु | |
| १० | सितभण्डार निर्माण योजना | वडा नं.३ | |
| ११ | बृहत सुन्तला खेती | सबै वडाहरु | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र आ.व. ०८१/०८२ मा बिनियोजित योजनाहरु समयमै सम्पन्न गर्न निर्माण कम्पनी तथा उपभोक्ता समितिहरुलाई आ आफ्नो वडा क्षेत्रहरुबाट ताकेता गर्ने र संझौता हुन बाँकी योजनाहरु तत्काल संझौता गरि कार्यन्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. २ र ३ स्थित सिसुवाखोलामा निर्णाधिन NCB-SRM-BRIDGE-079/080 सिसुवाखोला मोटरेवलपुल निर्माण योजनाको योजना निर्माणको भौतिक प्रगती तथा प्रबिधिक मुल्यांकनको आधारमा प्रथम रनिङ बिल वापतको रकम रु.११०४७३२७.०१ (भ्याट सहित) निर्माण कम्पनी श्री अमर कुन्सालिङ जे.भि. भोजपुरलाई भुक्तान दिनु पर्नेमा आ.व. ०७९/०८० मा श्रोत अभावका कारण रु.१०६५४५३२।- (भ्याट सहित) भुक्तान गरिएको र बाँकी रकम रु.३९२७९५।– भुक्तान गर्न बाँकी भएको हुदाँ उक्त बाँकी रकम निर्माण कम्पनीलाई सम्बन्धित खर्च शिर्षकबाट भुक्तान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.२ प्रधान कार्यालय रहेको श्री बेथेस्दा प्रार्थना समाजले बैधानिक रुपमा गाउँपालिकामा दर्ता भई कार्यक्रम सञ्चालनका लागि आवश्यक कागजात सहित निबेदन दिएको हुदाँ उक्त संस्थालाई यस पालिकाकाको संस्था दर्ता ऐन २०७८ बमोजिम संस्था दर्ता गर्ने सर्वसम्मत निर्णय गिरयो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालयलाई राष्ट्रिय परिचयपत्र वितरण लगायतका बिभिन्न कार्य सम्बन्धी शिविर सञ्चालन गर्न अनुरोध गरि तपशिलका वडाहरुमा शिविर सञ्चालन गर्ने र उक्त शिबिरमा खटी आउने कर्मचारीहरुलाई खान बस्नका लागि गाउँपालिकाले ब्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो।

## तपशिल

| क्र.सं. | स्थान | कैफियत |
|---|---|---|
| १ | वडा नं.५ (वडा कार्यालय) | वडा नं.४ र ५ |
| २ | वडा नं.३ (वडा कार्यालय) | वडा नं.३ र ५ |
| ३ | वडा नं.२ (बुधबारे, बाला) | वडा नं.१ र २ |

**निर्णय नं. ९**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ५ र साल्पासिलीछो गाउँपालिका वडा नं. १ स्थित सङ्खुवादोभानमा तटबन्ध निर्माण योजना संझौता तथा गाउँपालिकाको लागि आवश्यक भौतिक पुर्वाधार सम्बन्धी योजना, कार्यक्रमहरु माग गर्न बिभिन्न मन्त्रालय, बिभाग, कार्यालय तथा संघ संस्थाहरु संग माग गर्न पालिका अध्यक्ष श्री भुपाल राज राई र वडान नं. ४का वडा अध्यक्ष श्री देबेन्द्र राईलाई संघीय राजधानी काठमाण्डौ गई योजना माग गर्ने सर्वसम्मत निर्णय गरीयो /

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाले आ.व. ०८१/०८२ को आर्थिक ऐनमा तोकेका करहरु उठाउन लगाउने, उक्त कर उठाउन वडाले तोकेका स्थान तथा ब्यक्तिहरुलाई कर बुझाउनु पर्ने र उक्त कर उठाए वापत पालिकाले राजश्व परिचालन तथा प्रोत्साहन खर्च शिर्षकबाट उठाएको करको २५ प्रतिशत प्रोत्साहन स्वरुप रकम प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

बैठक निर्णय प्रमाणित

आज मिति २०८२ साल बैशाख २३ गते मंगलबारको दिन ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को चौधौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |
| १६ | श्री हेम राज राई | का.वा. अध्यक्ष सिलीचोङ १ | |
| १८ | श्री अमृता राई | का.वा. अध्यक्ष ...-२ | |

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।
२. राष्ट्रिय परिचय पत्र वितरण समिक्षा तथा खर्च अनुमोदन सम्बन्धमा।
३. चालु आ.व. ०८१/०८२ मा सञ्चालित ठुला योजनाहरुको कार्य प्रगती समिक्षा सम्बन्धमा।
४. होम स्टे तालिम माग तथा सञ्चालन सम्बन्धमा।

५. सहजीकरण समिति गठन सम्बन्धमा।

६. सिसुवाखोला मोटरेवलपुल निर्माण आयोजनाको भेरिएशन सम्बन्धमा।

७. [illegible] पिपल छेउ सडक मर्मत सम्बन्धमा।

८. कुलुङ रिदुम (मुन्धुम प्रकाशन) सम्बन्धमा।

९. तटबन्ध निर्माण सिफारिश माग सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल बैशाख ०४ गते बसेको तेह्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय न. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय खाँदबारी सङ्खुवासभा, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग काठमाण्डौ र यस गाउँपालिकाको संयुक्त आयोजनामा गाउँपालिकाबाट जिल्ला प्रशासन कार्यालय खाँदबारी सङ्खुवासभा सम्म जान नसक्ने बिशेष गरि जेष्ठनागरिक, अपांगता भएका ब्यक्ति तथा आम नागरिकहरुलाई लक्ष्यित राष्ट्रिय परिचयपत्रका लागि जैविक तथा बयक्तिक विवरण संकलन शिविर मिति २०८२ बैशाख १२ गते देखि २० गते सम्म सञ्चालन गरिएको र सो शिविर तपशिल बमोजिम जैविक तथा बयक्तिक विवरण संकलन भएको समक्षा गरियो।

**तपशिल**

| शिविर सञ्चालन केन्द्र | सेवा लिनेको विवरण | | | | | | कार्ड वितरण | जम्मा | | पुरानो कार्ड नं. हेर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जेष्ठ नागरिक | | जम्मा | अन्य | | जम्मा | | | | |
| | म. | पु. | | म. | पु. | | | म. | पु. | |
| याफु | ३४ | ३३ | ६७ | १४९ | १२८ | २७७ | १२ | १८३ | १६१ | ७७ |
| ताम्कु | ३५ | ३३ | ६८ | ९३ | ८८ | १८१ | २५ | १२८ | १२१ | ४५६ |
| सिसुवाटार | ६७ | ४० | १०७ | ८० | ७२ | १५२ | २५ | १४७ | ११२ | ६५८ |
| **जम्मा** | | | | | | | | ४५८ | ३९४ | ११९१ |
| | | | | | | | | ८५२ | | |

उक्त शिविर कार्यक्रम सञ्चालन गर्दा शिविर ब्यवस्थापन वापत भएको खर्च कार्यक्रम खर्च र योजना ब्यवस्थापन खर्च शिर्षक मार्फत भुक्तान दिने, शिविर सञ्चालनमा प्राविधिक सहयोग गर्ने जिल्ला प्रशासन कार्यालय खाँदबारी सङ्खुवासभा, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग काठमाण्डौ साथै उक्त शिविर सफल पार्न खट्नु हुने सबै कर्मचारी तथा जनप्रतिनिधीहरु आवश्यक सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाले गौरवको आयोजनाको रुपमा वहु वर्षे योजनाहरु ठेक्का प्रकृया मार्फत सञ्चालनमा ल्याएको ठुला योजनाहरु मध्ये माङ्तेवा स्वास्थ्य चौकी भवन निर्माण योजना सिलीचोङ-४, नाम्प्रिङ झो.पु. सिलीचोङ १ र २, सिलीचोङ क्लव समाज बिकास केन्द्रको भवन निर्माण योजना सिलीचोङ-३, निर्माण सम्पन्न भई सकेको, सङ्खुवादोभानमा सञ्चालन भई रहेको बेलीब्रिज निर्माण आयोजना निर्माण अन्तिम चरणमा पुगेको, सिसुवाखोला सडक मोटरेवलपुल स्लाव ढलान चरण सम्म पुगेको, एक वर्षे ठेक्का प्रकृया मार्फत सञ्चालन गरिएको दिबुङ सामुदायिक स्वास्थ्य ईकाईको भवन निर्माण योजना सिलीचोङ-४ सम्पन्न भएको, सिसुवाखोला स्वास्थ्य चौकी निर्माण आयोजना सिलीचोङ-१ ढलान सम्पन्न भएको, दाङ्खिला सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण

योजनाको घरेडी खार्ने कार्य सम्पन्न भएको र गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजना आ.व.०७९/०८० देखि निर्माण कार्य प्रारम्भ गरिएता पनि निर्माण कम्पनी श्री छुमा गणेश/चैनलिंक सुर्यबिनायक भक्तपुरले अत्यन्तै ढिलो पालिकाको प्रशासकीय भवन योजनाको काम सञ्चालन गरि रहेको उक्त कम्पनीलाई यथासक्य चाडो योजना सम्पन्न गर्न लगाउने साथै उपभोक्ता समिति मार्फत सञ्चालन गरियो योजनाहरु बैशाख मसान्त भित्र संझौता गरि सक्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार, संस्कृति पर्यटन नागरिक उड्यन मन्त्रालय नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान बिजुलीबजार संग होमस्टे सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी तालिम माग गरी तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा भुमिहीन दलित, सुकुम्वासी र अब्यवस्थित बसोबासीहरुको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यबिधी २०७७ को दफा ३ बमोजिम स्थानीय तहको भुमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन तपशिल बमोजिम गठन गर्ने तथा वडास्तरीय भुमिसम्बन्धी समस्या समाधान सहजीकरण समिति प्रत्येक वडाले तत्काल गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

१.श्री भुपाल राज राईः-संयोजक
२.श्री देविता राईः- उपसंयोजक
३.श्री संयोगान्त राई -सदस्य
४.श्री जितेन्द्र राई - सदस्य
५.श्री ईश्वर राई- सदस्य
६.श्री मोहन ~~शम्सेर~~ शंकर राई- सदस्य
७.श्री रेविका रसाईली - सदस्य
८.श्री मन कुमारी राई- सदस्य
९.श्री लक्ष्मी राई- सदस्य
१०.श्री नरभुपाल राई- सदस्य
११.श्री भद्र बहादुर राई- सदस्य सचिव

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस गाउँपालिका र श्री अमर कुन्सालिङ जे.भि., भोजपुर बिच संझौता भई कार्यान्वयनमा रहेको Construction of Sisuwa Khola Motarable Bridge ठेक्का संकेत नं. NCB-SRM-BRIDGE-02-078/79 योजनाको निर्माण कार्य गरिरहेको श्री अमर कुन्सालिङ जे.भि.ले मिति २०८२/०१/२२ गतेको दर्ता नं. २४२४ को पत्रबाट निम्न विषयहरुमा निम्न लिखित कारण देखाई भेरियसन गरिपाउँ भनि पत्र पठाएको

[illegible] उक्त पत्र प्राप्त भए पश्चात यस सिलीचोङ गाउँपालिकाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुले संयुक्त [illegible] गर्दा उक्त विषयहरुमा BoQ मा रहेको परिमाण कम देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को [illegible] मा रहेको भेरिएसन आदेशको व्यवस्था अनुसार उक्त निर्माण कार्यमा रु. ११,३७,८१९.६६ ( [illegible] एघार लाख सैंतिस हजार आठ सय उन्नाइस रुपैंया छैसठ्ठि पैंसा मात्र ) बराबरको को भेरियसन आदेश [illegible] गर्ने निर्णय गरियो ।

## तपशिल

| [illegible] | Description | Quantity as per BoQ | Quantity Required at Site | Contractor's Rate | Ammount (NRs.) | Reason For V.O. |
|---|---|---|---|---|---|---|
| | Construction Works | | | | | |
| | Bridge Construction Works | | | | | |
| [illegible] | Foundation and Substructure | | | | | |
| [illegible] | Providing suitable material and Back filling behind abutment, wing wall and return wall complete as per drawing and Technical Specifications. ( Granular Materaial) | 1379.7 | 1936.84 | 300 | 167142 | Due to the landslide in Left abutment in year 2080. |
| [illegible] | Super Structure | | | | | |
| [illegible] | Providing, cutting, bending, placing and binding HYSD,TMT, minimum 0.2% proof stress 500MPa (Fe500) reinforcement bar in super structure all complete as per drawing and technical specification | 27231.73 | 28587.74 | 111.99 | 151859.5599 | In BoQ Mesh Rods are provided for One Beam Only but It is required for all three Beams. In cross beam bottom confining bars are missing |
| [illegible] | Approach Road and Protection Works | | | | | |
| [illegible] | Earth work in excavation of foundation of Retaining structures in Ordinary Soil, including construction of shoring and bracing, removal of stumps and other deleterious matter and backfilling with approved Material as per Drawing and Technical Specifications. (By Mechanical Means for Depth upto 3m) | 20 | 272.50 | 125 | 31562.5 | The Quantity provided in BoQ is insufficient. |
| [illegible] | Earth work in excavation of foundation of Retaining structures in Ordinary Soil, including construction of shoring and bracing, removal of stumps and other deleterious matter and backfilling with approved Material as per Drawing and Technical Specifications. (By Mechanical Means for Depth upto 3m) | 20 | 454.75 | 125 | 54343.75 | The Quantity provided in BoQ is insufficient. |
| [illegible] | Providing mechanically woven double twisted Heavy zinc coated Hexagonal mesh type 100mmx120mm, mesh wire 3mm, selvage wire 3.9 mm, lacing wire 2.4 mm crates/mattress including rolling, cutting and with lacing wire and binding wire and assembling, placing in position including stretching; forming compartments; tying the sides and diaphragms with binding wire in each mesh; tying with bracing wires and tie wires; and tying down lid and providing and filling stone/boulder Including dressing, bedding, bonding all complete as per Drawing and Technical Specification. | 651.75 | 814.50 | 3699 | 602012.25 | Addition Gabion Boxes are required to protect road and locations of gabion box is required to be changed. |
| | | | | Total = | 1006920.06 | |
| | | | | VAT 13% = | 130899.6 | |
| | | | | Grand Total with VAT = | 1137819.66 | |

### निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सङ्खुवा खोलामा बेलीब्रिजको ब्याक साईड फिल गर्ने क्रममा बर पिपल छेउमा रहेको सडक पहिरो झरी सडक बिग्रिएको र उक्त सडक बिग्रएको कारण उक्त बाटो मर्मत पश्चात मात्र यातायात सञ्चालन गर्न मिल्ने भएको हुदाँ उक्त बर पिपल छेउको सडक मर्मत गर्नका लागि आयोजना ब्यवस्थापन कोषबाट रकम रु.९०००००।- (अक्षरेपी नौ लाख रुपैया मात्र ) बिनियोजन गरी सडक निर्माण गर्ने सर्व सम्मत निर्णय गरियो ।

बैठक निर्णय प्रमाणित

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा आ व २०८१।८२ मा शिक्षा कार्यक्रम अन्तर्गत शीर्षक नं २.४.१३ मा रहेको कुलुङ रिदुम (मुन्धुम प्रकाशन) कार्यक्रम सञ्चालन सम्बन्धित सरोकारवाला संस्था नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ केन्द्रीय कार्यालय रहेको र सो संस्थाबाट कार्यक्रम सञ्चालनका लागि आवेदन पेश भई आएको हुँदा उक्त संस्थालाई खरिद ऐन र नियमावलीको मापदण्डमा रहीं कार्यक्रम सञ्चालन गर्न अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल गर्दा अरुण तेश्रो जलविद्युत परियोजनाको पावर हाउस निर्माण योजनाको कारण अरुण नदीको बहाव सिलीचोङ गाउँपालिका वडा नं. ५ मा रहेका पुखुवा, बोब्लिङ र छिङ्खुवा आसपासका ब्यक्तिगत जग्गा कटान भई वस्तिमा नदि पसेको, त्यहाँका वस्ति भविष्यमा डुवानमा पर्ने र जग्गा तथा वस्ती जोखिम हुने भएको हुदाँ उक्त क्षेत्र बचाउनका लागि तटबन्ध निर्माण गर्नका जिल्ला प्रशासन कार्यालय खाँदबारी सङ्खुवासभा मार्फत अरुण तेश्रो जलविद्युत परियोजनामा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

आज मिति २०८२ साल जेष्ठ १३ गते मंगलबारको दिन ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को ~~[illegible]~~ [illegible] कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

__उपस्थिती__

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

लक्ष्मी

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।
२. आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. नुन ढुवानी, शिविर सञ्चालन, जग्गा रजिष्ट्रेशन तथा ब्याहुलोडर मर्मतमा लागेको रकम भुक्तान सम्बन्धमा।
४. ब्याडमिन्टन खेलका लागि जग्गा प्राप्ती सम्बन्धमा।
५. वाकु खानेपानी तथा सरसफाई व्यवस्थापन समितिको लागि रकम बिनियोजन सम्बन्धमा।
६. भेरिएशन अर्डर स्विकृत गर्ने सम्बन्धमा।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम अनुमोदन सम्बन्धमा।
८. आयोजना म्याद थप सम्बन्धमा।
९. स्थानीय तहमा गणतन्त्र दिवश कार्यक्रम आयोजना आयोजक समिति गठन सम्बन्धमा।
१०. समवेदना प्रकट गर्ने सम्बन्धमा।
११. योजना माग सम्बन्धमा।
१२. बिद्युत निर्माण कम्पनीलाई समन्वय तथा सम्पर्क गराउन लगाउने सम्बन्धमा।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल बैशाख २३ गते बसेको चौधौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. ०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा लगातार छलफल तथा परामर्श गर्ने सम्मत निर्णय गरियो ।

### निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. ०८१/०८२ को लागि गाउँपालिकाले निःशुल्क वितरणको लागि लैगिंक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रममा रु.१००००००।– (अक्षरेपी दश लाख रुपैया मात्र) नुन खरिद तथा ढुवानी खर्च शिर्षकमा रकम विनियोजन गरि सो रकमबाट नुन खरिद गरि खाँदबारीबाट ढुवानी गरिएकोमा ढुवानी वापत रकम अपुग भएको, राष्ट्रिय परिचयपत्र वितरणको लागि ब्यक्तिगत तथा बायोमेट्रिक विवरण संकलन शिविर सञ्चालनमा लागेको खर्च, सिलीचोङ गाउँपालिकालाई वडा नं. ५ को वडा कार्यालयको जग्गा रजिष्ट्रेशन पास गर्दा भएको खर्च वडा कार्यालय सञ्चालन तथा ब्यवस्थापन खर्च शिर्षक मार्फत तथा ब्याहुलोडर मर्मत तथा मोविल खर्च सवारी साधन मर्मत (वडा तर्फ) शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

### निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकालाई गाउँपालिकाले निर्माण गर्ने ब्याडमिन्टन कवडहल निर्माणको लागि सःशुल्क जग्गा तपशिल बमोजिम प्राप्त हुन आएको हुदाँ गाउँपालिकाको नाममा जग्गा रजिष्ट्रेशन पासको लागि श्री जिल्ला मालपोत तथा नापी कार्यालय सङ्खुवासभामा अनुरोध गर्ने उक्त कार्यका लागि आवश्यक कागजात सहित कार्यालयका कर्मचारी श्री प्रबिन राईलाई पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | जग्गाधनीको नाम ठेगाना सम्पर्क नं | कित्ता नं | प्राप्त हुने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | सिलीचोङ गाउँपालिका वडा नं.३ बस्ने गिता देवी राई, | साविक ताम्कु गा.वि.स. वडा नं ४ स्थित कित्ता नं २२६ | कित्ता नं २२६ बाट ७४३.४९ वर्ग मिटर | कि.नं. २२६ को जम्मा क्षेत्रफल ०७८१० वर्ग मिटर |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ५ याफु स्थित याफु खानेपानी तथा सरसफाई व्यवस्थापन समितिको निबेदन अनुसार उक्त खानेपानी योजनाको मिति २०८२।०२।०५ का दिन चलेको हुरीवतासका कारण उक्त समितिको खाने पानीको लट्ठा तथा पाईप चुटिएको हुदाँ उक्त सो समितिको खानेपानी मर्मतका लागि विपदबाट क्षति भएका भौतिक पुर्वाधार निर्माण खर्च शिर्षकबाट रकम रु.१७५०००।- बिनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो। व्यवस्थापन ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस गाउँपालिका र श्री अमर कुन्सालिङ जे.भि., भोजपुर बिच संझौता भई कार्यान्वयनमा रहेको Construction of Sisuwa Khola Motarable Bridge ठेक्का संकेत नं. NCB-SRM-BRIDGE-02-[illegible] योजनाको निर्माण कार्य गरिरहेको श्री अमर कुन्सालिङ जे.भि.ले मिति २०८२/०१/२२ गतेको दर्ता नं. [illegible] को पत्र र श्री ममता ईन्टरप्राईजेज एण्ड कन्सट्रक्शन प्रा.लि. बिच सङ्खुवाखोलामा निर्माण भईरहेको [illegible] ठेक्का नं. NCB-SRM-BB-1-080/081 बाट मिति २०८२।०१।२४ गते पत्र बमोजिम निम्न विषयहरुमा निम्न लिखित कारण देखाई भेरियसन गरिपाउँ भनि पत्र पठाएको विषयमा उक्त पत्र प्राप्त भए पश्चात यस सिलीचोङ गाउँपालिकाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुले संयुक्त अध्ययन गर्दा उक्त विषयहरुमा BoQ मा रहेको परिमाण कम तथा उल्लेख नभएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा रहेको भेरियसन आदेशको व्यवस्था अनुसार तपशिल बमोजिमको भेरियसन आदेश स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१६३ निर्णय प्रमाणित

बेली ब्रिज निर्माण योजना ( संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कोष साझेदारी ) ठेक्का नं. NCB-SRM-BB-०१-०८०/८१

| क्र.सं. | विवरण | BoQ मा रहेको परिमाण | निर्माणकार्य गर्दा आवस्यक परिमाण | फरक परिमाण | दर | जम्मा रकम | कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | Providing, cutting, bending, placing and binding HYSD,TMT, minimum 0.2% proof stress 500MPa (Fe500) reinforcement bar in sub structure all complete as per drawing and Technical specification.(2014) | २७.१५ | २७.२६ | ०.११ | १७५,०००.०० | १९,५३७.७८ | Ramp को कार्य थप भएकाले । | |
| २ | Providing suitable material and Back filling behind abutment and wing wall with compaction in layer not exceeding 150 mm depth all complete as per drawing and Technical Specifications.(908) | ८८४.६० | १,१८१.३८ | २९६.७८ | ९५०.०० | २८१,९४०.९० | BoQ मा भएको भन्दा बढी परिमाण आवश्यक पर्ने भएकाले । | |
| ३ | Providing and laying dry stone soling work also including supply of materials and haulage upto 30m all complete. | 0 | 24.99 | २४.९९ | २,९८५.०० | ७४,५९५.१५ | फाउन्डेसन, विङ वाल, Ramp मा सोलिङ गर्न पर्ने भएकाले । | नया आइटम भएकाले रेट एनलाइसिस तथा वार्ता द्वारा दर मुल्याङकन गरिएको । |
| | | | | | | ३७६,०७३.८३ | | |

Construction of Sisuwa Khola Motorable Bridge Contract No.: NCB-SRM-BRIDGE-02-078/79

| क्र.सं. | विवरण | BoQ मा रहेको परिमाण | निर्माणकार्य गर्दा आवस्यक परिमाण | फरक परिमाण | दर | जम्मा रकम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | Providing, fitting and fixing high tensile steel wires/strands(Tendons) multistrand, each mono-strand of 12.7 mm dia. 7-ply low relaxation, Class-II, HTS tendons including prestressing, anchoring etc including all accessories for prestressing, stressing operations, anchoring,HDPE corrugated Ø 90mm sheathing with Dummy and grouting all complete as per Drawing and Technical Specifications. (2100) | १०.१२ | १०.५६ | ०.४४ | १७०,०००.०० | ७५,१२३.०० | BoQ मा १५ वटा केवलको लागि प्रति केवल ४५.८ मिटर तथा प्रति मिटर १४.७३ के.जी. का दरले १०.१२ टन परिमाण रहेकोमा पुलको लम्बाईमात्र पनि ४५.५ मिटर पाइएको, उक्त केवल सिधा नभइ कर्भ बनाइजाने तथा केवल पुलिङ मेसिनले केवल तान्न अतिरिक्त केवल चाहिने देखिएकाले । | |

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र रोजगार सेवा केन्द्र मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रममा आ व २०८१ । ०८२ सञ्चालन भएका तपशिलका योजनाहरु अनुमोदन गर्ने सर्वसम्म निर्णय गरियो ।

तपशिल

| क्र स | रोजगारमुखी योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | श्री याङ्सिम्मा गोगने गोरेटो बाटो तथा तिवा सडक सोलिङ योजना सिलीचोङ गाउँपालिका १ सिसुवाखोला । | रु २६७२०० | |
| २ | श्री सिसुवाखोला गोरेटो बाटो निर्माण तथा सडक सोलिङ योजना सिलीचोङ गाउँपालिका १ सिसुवाखोला । | रु ६६८००० | |

| | | | |
|---|---|---|---|
| ३ | श्री सिसुवाटार ताम्दाक गोरेटो बाटो तथा सिम्धुरी वाला सडक सोलिङ योजना सिलीचोङ गाउँपालिका २ वाला । | रु २६७२०० | |
| ४ | बोखोइवा खोल्सी गोरेटो बाटो तथा पुपाईस सडक सोलिङ योजना सिलीचोङ २ वाला । | रु ४००८०० | |
| ५ | श्री टेबिथान मानेटार गोपेनी साम्तिङ सासेल गोरेटो बाटो निर्माण योजना सिलीचोङ गाउँपालिका ३ ताम्कू । | रु २६७२०० | |
| ६ | श्री ताम्कू याङतापा पांतिम्मा पावा कोल्वा गोरेटो बाटो निर्माण योजना सिलीचोङ गाउँपालिका ३ ताम्कू । | रु ३३४००० | |
| ७ | श्री माङतेवा गोरेटो बाटो निर्माण योजना सिलीचोङ ४ माङ्तेवा । | रु ३३४००० | |
| ८ | श्री बागेश्वरी आ वि छेउ वेशीं दिबुङ बेन्छोङ गोरेटो बाटो निर्माण योजना सिलीचोङ गाउँपालिका ४ माङ्तेवा । | रु २६७२०० | |
| ९ | श्री दसघरे वडहरे भुल्के सुखधन घर छेउ गोरेटो बाटो तथा सडक सोलिङ निर्माण योजना सिलीचोङ गाउँपालिका ५ यापू । | रु ३३४००० | |
| १० | श्री खोङदुवा सडेक सोलिङ तथा वाङ्टाङ सिंचाई कुलो निर्माण योजना सिलीचोङ ५ यापू । | रु २६७२०० | |
| ११ | कार्यास्थलमा आधारित सीप/ क्षमता विकास तालिम र जीवन उपयोगी विकास तालिम डकर्मी र प्लम्बर सिलीचोङ गाउँपालिका । | रु १२३५८०० | तालिमामा सहभागी भए बापत पारिश्रमिक ज्याला प्रति दिन प्रति ब्यक्ति रु ६६८ |
| ११ | श्री शिखरपुर टेक्निकल इनिस्टिच्यूट खाँदवारी संखुवासभा । | रु ९५०००० | जिवनमा उपयोगी सीप बिकास तालिम सञ्चालन वापत । |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका र निर्माण कम्पनी श्री छुमा गणेश चेनलिंक संग मिति २०७९।०३।३१ गतेका दिन ठेक्का नं. NCB-SRM-AB-15-078/079 गाउँपालिका भवन निर्माण योजना (साझेदारी) मिति २०८२।०३।१० गते सम्पन्न हुने गरि संझौता भएकोमा निर्माण कम्पनीले उक्त योजना वर्षा यामको

बाढी पहिरो, सङ्खुवाखोलामा निर्माण गरिएको काठेपुल बाढी पहिरोले बगाई निर्माण सामाग्री ढुवानी गर्न नसकेको तथा उक्त योजनामा काम गर्ने मानव संशाधनको समेत अभाव देखाई योजना सम्पन्न म्याद थप गर्न दर्ता नं. २५०४ पत्र मिति २०८२।०१।२६ को पत्र मार्फत पेश गरेको र सो उपर कार्यालयका कर्मचारी तथा जनप्रतिनिधीहरुबाट आवश्यक अध्ययन जाँचबुझ गर्दा उचित ठहर भएको हुदाँ सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२० (१४ औं संशोधन सहित) मिति २०८३।०९।०९ गते सम्ममा सम्पन्न हुने गरि म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा १८ औं गणतन्त्र दिवश भव्यताका साथ मनाउनका लागि गृह मन्त्रालयको च.नं. ११०० पत्र मिति २०८२।०२।०६ को गणतन्त्र दिवश मनाउने पत्र बमोजिम सिलीचोङ गाउँपालिकाका अध्यक्ष श्री भुपाल राज राई ज्युको संयोजकत्वमा तपशिल बमोजिम पालिका स्तरीय मुल आयोजक समिति गठन गरि पालिका अन्तरगतका कार्यालय तथा शाखाहरुमा जेष्ठ १४ देखि १६ गते सम्म दिप प्रज्वलन गर्ने, कर्मचारी जनप्रतिनिधी तथा अन्य खेलाडीहरु बिच मैत्रीपुर्ण डवल ब्याडमिन्टन तथा भलिवल खेल आयोजना गरि मनाउने सर्वसम्मत निर्णय गरियो।

## मुल आयोजक समिति

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री भूपालराज राई | संयोजक |
| २ | श्री देविता राई | सदस्य |
| ३ | श्री गणेश राई | सदस्य |
| ४ | श्री मोहन सम्सेर राई | सदस्य |
| ५ | श्री प्रतापसिंह तामाङ | सदस्य |
| ६ | श्री देवेन्द्र राई | सदस्य |
| ७ | श्री ईश्वर राई | सदस्य |
| ८ | श्री सन्तोष राई | सदस्य |
| ९ | श्री सागर राई | सदस्य |
| १० | श्री रेबिका रसाइली | सदस्य |
| ११ | श्री शारदा कुमारी राई | सदस्य |
| १२ | श्री लक्ष्मी वि.क. | सदस्य |
| १३ | श्री मन कुमारी राई | सदस्य |
| १४ | श्री भद्र बहादुर राई | सचिव |

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाका उपाध्यक्ष श्री देविता राईज्युको पुज्यनीय पिता श्री तिर्थ मान राई ७७ वर्षको उमेरमा मिति २०८२।०२।०८ गतेका दिन असमायिक निधन हुनुभएको हुदाँ मृतकको आत्मको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्न शक्ति मिलोस भनी परिवारजन तथा ईष्टमित्रहरुमा समवेदना प्रकट गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको वडा नं. ५ र मकालु गाउँपालिका स्थित इसुवा [illegible] क्यास्केड ३ जलबिद्युत आयोजना निर्माण गर्ने म्याजिक अरुण हाईड्रोपावर प्रा.लि. संग सिलीचोङ गाउँपालिका भित्र तपशिलका योजनाहरु माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | योजनाको नाम |
|---|---|
| १ | तोम्बे बेसी र विर्सुवा सडक पुल निर्माण |
| २ | खल्लेरी सङ्खुवादोभानबाट पुखुवा दोभान जोड्ने सडक निर्माण योजना |
| ३ | माङ्तेवा स्वास्थ्य चौकी ल्याव सामाग्री र प्राबिधिक जनशक्ति व्यवस्थापन |
| ४ | याफु स्वास्थ्य चौकीमा ल्याव सामाग्री र प्राबिधिक ब्यवस्थापन |
| ५ | विर्सुवा देखि माङ्तेवा वडा कार्यालय जोड्ने सडक स्तर उन्नती |
| ६ | शेयर लगानी सम्बन्धी तालिम |

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र निर्माण भई रहेका बिद्युत निर्माण कम्पनीहरु गाउँपालिकाको दायरा भित्र नआउने, पालिका संग आवश्यक समन्वय नगरेको बिद्युत निर्माण कम्पनी प्रति स्थानीय जनताहरुको गुनासो बढ्दै गई रहेको हुदाँ गाउँपालिका, बिद्युत निर्माण कम्पनी र जनताको दुरी कम गर्न जल बिद्युत निर्माण कम्पनीहरुलाई तत्काल गाउँपालिकाको दायरा भित्र कार्य गर्नु पर्ने जनगुनासो ब्यवस्थापनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम राखी जनगुनासो व्यवस्थापन गर्न लगाउने सर्वसम्मत निर्णय गरियो ।

आज मिति २०८२ साल जेष्ठ २३ गते मंगलबारको दिन ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भुपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को [illegible] कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | [illegible] राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. आगामी आ.व. ०८२/०८३ को अनुमानित बजेट सम्बन्धमा।
४. पूर्णखोप घोषणा मिति तय गर्ने सम्बन्धमा।
५. राय सुझावको लागि आम भेला गर्ने सम्बन्धमा।
६. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल जेष्ठ १३ गते बसेको पन्ध्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम जनमुखी, भुगोल सुहाउदो भौतिक पुर्वाधार, व्यवहारिक, रोजगार सिर्जना भई आत्मनिर्भर गराउने, स्वास्थ्य, शिक्षा मैत्री, कृषकहरुको मागमा आधारित, खोज अनुसन्धानमुलक, सिर्जनशिल तथा सुचना प्रविधीमैत्री नीति कार्यक्रम बनाई नीति तथा कार्यक्रम संग मेल खाने बजेट बनाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को प्रस्तावित बजेट तपशिल बमोजिम संघ तथा प्रदेश सरकारबाट प्राप्त भएको र सो बजेटको सिमा भित्र रहि आगामी आ.व.को बजेट तथा कार्यक्रम बनाउने सर्वसम्मत निर्णय गरियो।

## तपशिल

| आय | | रकम |
|---|---|---|
| संघ | समपुरक | १३९००००० |
| | सशर्त अनुदान चालु | १५६४००००० |
| | सशर्त अनुदान पुँजी | १०००००००० |
| | समानिकरण अनुदान | १०१२००००० |
| | राजश्व बाँडफाँड | ९५८७२७६३ |
| | विषेश अनुदान | ६८०००००० |
| प्रदेश | समानिकरण अनुदान | |
| | सवारी साधन करको बाँडफाड | ७४३४००० |

| | | |
|---|---|---|
| | समपुरक | |
| | सशर्त अनुदान पुँजी | |
| | सशर्त अनुदान चालु | |
| आन्तरिक श्रोत | अघिल्लो आ. व. को अल्या | |
| | राजश्व अनुमान | २०००००० |
| **जम्मा आय** | | ३९३६०६७६३ |

<u>प्रस्ताव नं. ४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला खोप समन्वय समितिको च.नं. ३६४ पत्र मिति २०८२।०२।२२ गतेको पुर्ण खोप तथा दिगोपना प्रमाणिकरण सम्बन्धी पत्र बमोजिम सिलीचोङ गाउँपालिकालाई पुर्ण खोप घोषणा गर्न स्वीकृती प्राप्त भई आएको हुदाँ यहि मिति २०८२।०२।२८ गते पुर्ण खोप घोषणा तथा प्रामाणिकरण सभा आयोजना गर्ने र उक्त घोषणा कार्यक्रममा जिल्ला पुर्णखोप समन्वय समिति सङ्खुवासभाका पदाधिकारीज्यूहरुलाई आमन्त्रण गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं.५</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको नीति, कार्यक्रम, बजेट निर्माण, राजश्व परिचालन मध्यमकालिन खर्च निर्माण तथा आवधिक योजना निर्माणमा आवश्यक राय सुझाव, पेश गर्नका लागि पालिका स्थित राजनैतिक दलका प्रतिनिधी, बुद्धिजिवी, समाजसेवी, संघ/संस्थाका प्रतिनिधीहरुलाई आमन्त्रण गरि मिति २०८२।०२।३० गते आम बैठक बोलाई राय सुझाव संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं.६</u>

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित) को दफा ६६ को उप दफा (१) बमोजिम तपशिल बमोजिम श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>**तपशिल**</u>

१.श्री भुपाल राज राई - संयोजक

२.श्री देविता राई - सदस्य

३.श्री शारदा कुमारी राई- सदस्य

४.श्री रेबिका रसाईली- सदस्य

५.श्री सागर राई- सदस्य

६.श्री सन्तोस राई- सदस्य

७.श्री भद्र बहादुर राई- सचिब

आज मिति २०८२ साल जेठ ०७ गते शनिबारको दिन विहान ८:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को सत्रौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | दीपेन्द्रकुमार राई | स्वास्थ्य शाखा प्रमुख | |
| १६ | ~~भावना पसजुली~~ सुजन [illegible] | ~~प्रशासन शाखा प्रमुख~~ इन्जिनियर | |

| | | | |
|---|---|---|---|
| १३ | खेम किरण राई | कार्यालय सहयोगी | |

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा ।

२. आगामी आ.व. २०८२/०८३ को बजेट सम्बन्धमा।

३. योजना तर्जुमा समितिले पेश गरेको मस्यौदा माथि छलफल सम्बन्धमा ।

४. आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना प्रतिबेदन अनुमोदन सम्बन्धमा ।

५. सल्वा सहमति सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल जेष्ठ २३ गते बसेको सोह्रौं कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम १० गते पेश गर्ने र बजेट निरन्तर छलफल अगाडि बढाइ ०८२ असार मसान्तभित्र पालिकाको सत्रौं गाउँसभा, २०८२ सम्पन्न गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८२/८३ को योजना तर्जुमा समितिको संयोजक उपाध्यक्ष श्री देविता राईले पेश गर्नुभएको मस्यौदाबारे विषयगत शाखाको दफावार छलफल गरि अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४.

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको पहिलो आवधिक योजनाको लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी झापाको आर्थिक सहयोगमा भिजन डेभलबमेण्ट सोलुसन प्रा. लि. भक्तपुर र मध्यमकालीन खर्च संरचनाको लागि सिद्दिकाली इन्जिनियरिङ प्रा.लि. भक्तपुरको प्राविधिक सहयोगमा बनेको प्रतिवेदन अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिका अन्तरगत सिसुवाखोला स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. (सहायकस्तर चौथो) श्री अनुषा परियारले आफ्नो स्वास्थ्य अवस्था अस्वस्थ भइ सरुवा सहमतिको लागि निबेदन दिनुभएकोले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा ४ बमोजिम निजलाई अन्तर स्थानीय तह सरुवा सहमति अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

आज मिति २०८२ साल असार १० गते मंगल बिहान ८:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को अठारौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

१८ निर्णय प्रमाणित

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा।
२. १७ औं गाउँसभाको बैठकमा पेश गर्ने प्रस्ताव सम्बन्धमा।
३. सिलीचोङ गाउँपालिकाको कर्मचारी संगठन व्यवस्थापन तथा सर्वेक्षण अनुमोदन सम्बन्धमा।
४. रकम बिनियोजन सम्बन्धमा।
५. सिलीचोङ गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुलाई नीति तथा कार्यक्रममा समाबेश गर्ने सम्बन्धमा।
६. सिफारिश गर्ने सम्बन्धमा।
७. NTC टावर माग सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल असार ०७ गते बसेको सत्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १७ औं अधिबेशमा तपशिलका प्रस्तावहरु निर्णयार्थ पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

१. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा।
२. करार सेवामा कार्यरत कर्मचारीहरुको १ वर्ष करार सेवा थप तथा सेवा सुबिधा निरन्तरता पेश गर्ने सम्बन्धमा।
३. पद तथा कार्यालय दर्ता सम्बन्धी प्रस्ताव।
४. आ.व. ०८१/०८२ को योजना प्रगती अनुमोदन सम्बन्धी प्रस्ताव।
५. आ.व. ०८१/०८२ मा न्यायीक समितिले गरेको प्रगती बिवरण अनुमोदन सम्बन्धी प्रस्ताव।
६. आ.व. ०८१/०८२ मा कार्यपालिका बैठकले गरेको निर्णयहरु मनुमोदन सम्बन्धी प्रस्ताव।
७. आ.व.०८२/०८३ को आर्थिक तथा बिनियोजन बिधेयक अनुमोदन सम्बन्धी प्रस्ताव।
८. सैद्धान्तिक बेरुजु फछौंट सम्बन्धी प्रस्ताव।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको लागि आवश्यक संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि परामर्श दाता श्री पब्लिक रिसर्च सेन्टरलाई नियुक्ती गरि उक्त फर्म संग संझौता गरि तयार पारिएको कर्मचारी संगठन तथा व्यवस्थापन प्रतिबेदन स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. मा वातावरण तथा विपद व्यवस्थापन शिर्षक अन्तर्गत बिनियोजन गरिएको विपद उद्धार सामाग्री खरिदमा बिपद उद्धार सामाग्री खरिदमा अपुग रकम रु.१६००००|– र कर्मचारी तथा जनप्रतिनिधीहरुको बैठक भत्तामा रु.२०००००|– अपुग हुने देखिएको हुदाँ गत आ.व.को दायित्व भुक्तान शिर्षक मार्फत भुक्तान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक पर्यटकीय क्षेत्रलाई नीति तथा कार्यक्रममा समाबेश गरि प्रबर्धन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्तावन नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ५ का अत्यन्तै दुर्गम टोलहरु याङ्देप, गौथला, साईसिमा र दवाटकका क्षेत्रमा बिद्युतीकरण नभएकोले उक्त टोल तथा क्षेत्रमा केन्द्रिय बिद्युत बिस्तारका लागि नेपाल बिद्युत प्राधिकरण संग बिद्युत बिस्तार आयोजना मागका लागि सिफारिश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्तावन नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको वडा नं. १ सिसुवाखोलाका धैरै भुभागहरु संचार नपुगी सुचना संचारको समस्या भई रहेको हुदाँ सिलीचोङ १ सिसुवाखोलाको मोस्तेम डाँडामा NTC टावर निर्माणका लागि संचार तथा सुचना प्रबिधी मन्त्रालयमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

आज मिति २०८२ साल असार २६ गते बिहिबार ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को उन्नाईसौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

प्रस्तावहरु:

१. समीक्षा सम्बन्धमा ।

२. १७ गाउँसभाको दोश्रो बैठक सञ्चालन तथा गाउँसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल असार १० गते बसेको सत्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा १७ औ गाउँसभाको दोश्रो बैठक यहि मिति २०८२/०३/३१ गते सञ्चालन गरी सम्पन्न गर्ने र उक्त बैठकमा गाउँपालिकाले निर्माण गरेको आवधिक योजना, मध्यमकालिन खर्च संरचना र बेरुजु फर्छयौट सम्बन्धी प्रस्ताव अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।